## राजस्व परिचालनमा सरकार विफल

काठमाडौं । सरकारले गत आर्थिक वर्षमा जम्मा ७६ प्रतिशत मात्रै पुंजीगत खर्च गर्न सकेको छ । गत आर्थिक वर्षका लागि ३ खर्ब १३ अर्ब ९९ करोड रुपैयाँ बराबरको पुंजीगत बजेट रहेकोमा असार मसान्त मध्यरातसम्म चेक काट्दा पनि जम्मा २ खर्ब ३८ अर्ब ३५ करोड रुपैयाँ मात्रै खर्च भएको छ । विकासतर्फ जाने पुंजीगत खर्च गर्नमा मात्र होइन सरकारको चालु खर्चमा पनि लक्ष्यभन्दा कम प्रगति हासिल भएको पाइएको छ ।

चालु खर्चका **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

## सहिद दशरथ चन्दको जन्मजयन्ती

काठमाडौं । 'जसले सहिदलाई माया गर्छ, त्यसले देशलाई माया गर्छ भन्ने सन्देश प्रवाह गर्दै सहिद स्मारक समितिले राष्ट्रिय सहिद दशरथ चन्दको ११६ औं जन्म जयन्ती तथा सहिद स्मारक समितिको प्रथम वार्षिक साधारण सभा सम्पन्न गरेको छ । कार्यक्रम अधिवक्ता चक्रमान श्रेष्ठको प्रमुख आतिथ्यमा र मोहनराज शाक्यको सभापतित्वमा सम्पन्न भएको थियो ।

प्रा.डा. यादव प्र. ढुंगाना कवि हरिदास श्रेष्ठ, सरस्वति पन्त सरिना श्रेष्ठ लाखे, **बाँकी ८ पेजमा**

वर्ष ८ अंक १४, २०७६ साल साउन ३ गते शुक्रबार, नेपाल संवत् ११३९ (July 19, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

# यता ओली सरकारको अवशान उता जनतासँग खान

■ **कृष्णराज दुलाल**

काठमाडौं । पूर्व क्रिकेटर इमरान खान पाकिस्तानको प्रधानमन्त्रीमा निर्वाचित भएपछि उनले राष्ट्रिय अभियान सञ्चालन गरिरहेका छन् । हाम्रा प्रधानमन्त्री केपी ओलीले पनि खानको अभियानको थोरबहुत अनुशरण गरे सरकारी नारा समृद्ध नेपाल सुखी नेपाली, सार्थक हुन अवश्य सघाउ पुग्नेछ । विलासी सवारी साधनको बिक्री वितरण, कर प्रशासनमा सुधार तथा नागरिककै जीवनशैलीका प्रधानमन्त्री रहने र जनतालाई केही आकर्षक र व्यावहारिक रुपमा सुधारात्मक अभियानबाट प्रधानमन्त्री खान पछिल्लो दिनमा चर्चित छन् ।

खानले प्रधानमन्त्रीको कार्यभार सम्हालेपछि विभिन्न आर्थिक मितव्ययितासम्बन्धी कार्यक्रम लागू गरेर वाह वाही कमाइरहेका छन् । प्रधानमन्त्री खान यही जुलाई २१ देखि तीन दिने अमेरिका भ्रमणमा जाँदैछन् । उनले अमेरिका भ्रमणमा जाँदा महँगो होटलमा नबस्ने बताएका छन् । उनी अमेरिकास्थित पाकिस्तानी राजदुताबासमा बस्ने समाचारले नेपाली उच्च पदस्थको विदेश भ्रमणमा राज्यको सम्पत्तिलाई आफ्नो व्यक्तिगत सरह प्रयोग गर्ने प्रवृत्तिमाथि अवश्य व्यंग्य गर्छ । अनावश्यक खर्च कटौती गरेर राष्ट्रको ढिकुटी मजबुत बनाउनतर्फ लाग्ने पाकिस्तानी प्रधानमन्त्री खानबाट नेपालका प्रधानमन्त्री लगायत उच्च पदस्थ अधिकारीहरुले मितव्ययिता, पारदर्शिता र जवाफदेहिता सिक्नुपर्ने हो । खानको सादगीपूर्ण जीवनशैलीलाई हाम्रा देशका नेताहरुले पनि अपनाउने हो भने मात्र समृद्ध नेपाल सम्भव हुन्छ, नत्र देशले भेनेजुएला र जिम्बाब्वेको बाटो समाउँछ ।

चन्दा उठाएर सामान्य र साना कामहरु सम्पन्न गरिएका विषयमा आम मानिस जानकार छन् । तर चन्दा उठाएर ठूला परियोजना सञ्चालन गरिएका घटना संसारमा विरलै छन् । पछिल्लो पटक पाकिस्तानका प्रधानमन्त्री इमरान खानले स्वदेशी लगानीमा नै ५३ सय मेगावाट क्षमताका आयोजनाका लागि चन्दा उठाइरहेका छन् । पछिल्ला केही वर्षदेखि पाकिस्तानले चरम





ऊर्जा संकट भोग्दै आएको छ । दैनिक १२ घण्टा काटिने बिजुलीका कारण जनजीवन प्रभावित हुँदै आएको छ । निर्माणमा रहेका केही आयोजनामा चरम बेथिति र भ्रष्टाचार व्याप्त छ ठीक नेपालकै जस्तो । हामीकहाँ कुनै योजना परियोजना समयमा सम्पन्न हुन सक्दैनन् । कर्मचारीतन्त्रदेखि राजनीतिक नेतृत्व भ्रष्ट र गैरजिम्मेवार भएका कारण राष्ट्रिय गौरवका आयोजनाहरुकै बेहाल छ । १८ वर्ष भयो मेलम्ची खानेपानी आयोजना सुरु भएको । तर अहिलेसम्म उपत्यकाबासीको मेलम्ची सपना साकार भएको छैन । पानी माफियाको सिकञ्जामा अझै जकेडिइरहेको छ मेलम्ची । पानी व्यापारीलाई सरकारले मेलम्ची आयोजनाको प्रमुख बनाएको छ । मेलम्ची खानेपानी आयोजनाका प्रमुख सूर्यराज कँडेल आफ्नी श्रीमती अञ्जु खड्काका नाममा दश वर्ष अघिदेखि क्रिस्टल आकवा सर्भिसेज प्रालि नामक कम्पनी खोलेर ट्यांकर, जार र बोतलमार्फत पिउने पानीको व्यापार गर्दै आएका छन् । क्रिस्टलले मेलम्ची खानेपानी आयोजनामै पिउने पानी बेच्दै आएको छ । यसबाहेक खानेपानी विभाग, श्रम विभाग, मेलम्ची उपआयोजना, पशुपति विकास कोष पनि पानी बेच्दै आएको छ । ९७ प्रतिशत काम सम्पन्न गरिसकेको ठेकेदार कम्पनीलाई भगाएर पानी व्यापारीहरु मालामाल भइरहेका छन् ।

राजनीतिक र क्षेत्रीय स्वार्थका कारण पाकिस्तानका परियोजनाहरु समस्यामा फस्दै आएका छन । बर्सेनि बढिरहेको लगानी औद्योगिक क्षेत्रमा भएको विकासका कारण पनि त्यहाँ ऊर्जाको माग बढ्दै गएको छ । समस्या झनै बढ्दै गएपछि पाकस्तानी प्रधानमन्त्रीले नयाँ उपाय निकालेका छन् । त्यो हो राष्ट्रिय रुपमा चन्दा अभियान चलाउने बृहत परियोजनालाई सार्थक बनाउने । पाकिस्तानमा कुल ऊर्जाको औसत माग १७ हजार मेगावाट रहेको छ । कुल जडित क्षमता २५ हजार मेगावाट भए पपनि ऊर्जाको चरम संकट रहेको छ ।

पाकिस्तानलाई आर्थिक रुपमा सबल बनाउन र आन्तरिक लगानीबाट नै केही ठूला परियोजना निर्माण गर्न सकिन्छ भन्ने मान्यताको विकास गर्न सरकारले नै प्रयास गरेको छ । विदेशी दातृ निकाय पनि केही ठूला परियोजनामा लगानी गर्न इच्छुक छन् । तर दातृ निकायको ऋणका कारण पाकिस्तानको अर्थतन्त्र धरापमा परेको भन्दै खान सरकारले केही नयाँ घोषणा गरेको छ । 'जनताका लागि सरकार छ, सरकार जनताका लागि हो' भन्ने विश्वास दिलाउने लक्ष्यका साथ राष्ट्रिय अभियान सुरु गरिएको पाकिस्तानका प्रधानन्यायाधीश साकिल निसारको भनाइ छ ।

पाकिस्तानमा चन्दा **बाँकी ८ पेजमा**

## इन्डोप्यासिफिकसँग झस्कियो चीन

■ **किरण थापा**

काठमाडौं । डबल नेकपा नेतृत्वको कथित कम्युनिस्ट सरकारसँग उत्तरी छिमेकी मुलुक चीन सशंकित देखिएको छ । खासगरी सरकारको इन्डोप्यासिफिकप्रतिको झुकावले चीनसँगको कूटनीतिक सम्बन्धमा दरार आउन सक्ने सम्भावना बढ्दै गएको छ । चिनियाँ राष्ट्रपति सि जिन पिङको सम्भावित नेपाल भ्रमणलाई समेत यसले अनिश्चिततातर्फ धकेलेको छ । सरकारले बीआरआई सम्झौता गरिएका परियोजनालाई भन्दा इन्डोप्यासिफिक स्ट्रेटजी अन्तर्गतको परियोजनासम्बन्धी सम्झौतालाई सदनबाट दुईतिहाई बहुमतले पारित गर्ने तयारी अघि बढाएपछि चीन उदासिन देखिएको हो ।

सुशील कोइराला प्रधानमन्त्री भएकै बेला बीरआरआईबारे चर्चा चलेको थियो । पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री भएका बेला चीनसँग बीआरआई सम्झौतामा हस्ताक्षर भएको थियो । प्रचण्डपछि प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले परियोजनाको विस्तृत प्रतिवेदन बनाउन बजेट छुट्याएका थिए । भारतीय नाकाबन्दीका बेला तत्कालीन **बाँकी ८ पेजमा**

## नेकपा भागबन्डामा को कता ?

काठमाडौं । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का दुई अध्यक्षबीच पार्टी एकीकरण सम्पन्न गर्ने गृहकार्यमा सहमति भए पनि केही विभाग र जिल्ला इञ्चार्जमा कुरा मिल्न बाँकी रहेको खुलेको छ । दुई अध्यक्षले माधव नेपाललगायतका नेताहरूसँग परामर्शपछि सचिवालय बैठकबाट टुंगो लगाउने सहमति भएको एक नेताले बताए ।

मंगलबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा अध्यक्षद्वय केपी ओली, प्रचण्ड, महासचिव विष्णु पौडेल र सचिवालय सदस्य रामबहादुर थापा बादलबीच छलफलपछि एकता र एकीकरणसँग सम्बन्धित सबै प्रक्रिया टुंगो **बाँकी ८ पेजमा**

## भ्वाङ परेको राष्ट्रवाद

■ **गोविन्द विश्वकर्मा**

पहिलो प्रधानमन्त्रीकालमा लोकप्रिय कमाएका कारणले तत्कालिन एमाले पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीलाई राष्ट्रवादी नेताका रुपमा जनताले बुझ्न थालेका थालेका थिए । उनले देश र जनताका निम्ती केही राम्रा काम पनि गर्न नखोजेका होइनन । आलोचक र समर्थकको तराजुमा जोख्दा समर्थककै पल्ला भारी भएको आवस्था थियो । देशमा एउटा मात्र कम्युनिष्ट पार्टी रहने सन्देश दिदै तत्कालिन नेकपा माओवादी र नेकपा एमालेबीच एकिकरणको प्रक्रिया अगाडी बढाएर चुनावमा जनताको मत जित्न सफल भएका थिए । फलस्वरुप दुई तिहाइको सरकार बनाउन ओलीलाई ठूलो सफलता हात परेको छ ।

दुई तिहाइ बहुमतको हालको नेकपाको ओली सरकारबाट आम जनताले ठूलो आशा र भरोसा गरेका थिए । गाउँले परिवेशको जनजिब्रोमा झुन्डीने नेपाली उखानटुक्कालाई हतियार बनाएर भाषण गर्न माहिर केपी शर्मा ओलीको मुखार वृन्दबाट निष्केका शब्दहरु अनुसार नै युद्ध मैदानमा काम हुने हो भने देशको मुहार उज्यालो हुन थाल्ने थियो । समृद्ध नेपाल र शुखी नेपालीको सपनालाई सार्थक बनाउन पनि मद्दत हुने थियो होला । विकासले खरायोको गतीमा तिब्रता पाउने थियो होला कसैलाई सरकारको आलोचना गरेर बस्ने फुर्सद हुँदैन थियो । सबैजना आ आफ्नो उद्योग धन्दामा व्यस्त हुने थिए । कसैले पनि अकालमा ज्यान गुमाउनु पर्थेन होला, भ्रष्ट्राचारी घुसखोरी जती सबै जेलको चिसो खाएर बसिराखेका हुन्थे होला ।

तर ओली सरकार जति भाषनमा माहिर भए तापनि काममा अपरिपक्व भएका कारण आज प्यारालाइसिस हुने अवस्था देखिदैछ । आफैले गरेका निर्णयबाट एकपछि अर्को गर्दै पछि हट्नु पर्ने अवस्था किन आयो ? दुई तिहाइ सरकारको नैतिकता यहि हो ? निर्णय गर्ने विरोध हुन्छ अनि पछि हट्ने । जनताको स्वास्थ्यमा खेलबाड गर्ने कस्तो राष्ट्रबाद हो ? काठमाडौंका सडकहरुको बेहाल छ । पानी पर्दा हिलो घाम लाग्दा धुलो भएका कारण आम जनतालाई अत्यास बनाइराखेको छ । दिनहु हत्या र बलात्कारका घटनाहरु बाहिर आइरहेका छन । मानव तस्करको फन्दामा परी नेपालीहरुले विदेशी भूमिमा मृत्युवरण गरिराखेका छन । भ्रष्ट्राचार दिनदिनै संस्थागत भइरहेको छ । गाउघर शहरबजारमा झगडा भयो र प्रहरीलाई खबर गर्‍यो भने मान्छे मारिसकेपछि मात्र प्रहरी पुग्छ । आफ्नै पार्टीका सांसदहरुले सरकारको आलोचना गरिराखेका छन सरकारका लागि यो राम्रो संकेत होइन ।

जनताको स्वाथ्यमा प्रत्यक्ष प्रभाव पार्ने तरकारीमा विषदी परीक्षणमा गर्ने निर्णयबाट पछि हट्नु, त्यसैगरी, आइफा अवार्ड, गुठी विधेयक, कर्मचारीलाई भत्ता, वाइडवडी कान्डको छानविन, पेट्रोलको मुल्यवृद्धि, नागारिकता विधेयक, मानवअधिकार विधेयक, प्रेस काउन्सील विधेयक लगायतका विषयमा सरकार विवादमा तानिएको हो । जनताको सरोकारका विषयमा असरपर्ने गरी निर्णय गरेर हावादारी भाषण गर्दै हिँडने सरकारले राष्ट्रवादको ढोल बजाउनु बेकार छ । भारतबाट विषादी परिक्षण रोक्नु भन्ने पत्र आउदासम्म देशको कार्यकारीलाई **बाँकी ८ पेजमा**

## उद्धार र राहत कार्यमा सकृय बनौं

नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी बाढीपीडितहरुको उद्धार र राहत कार्यमा जुट्न सबैलाई आग्रह गरेको छ । मालेका महासचिव सीपी मैनालीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ- ' विगत केही दिनदेखि भइरहेको अबिरल बर्षाका कारणले नेपालको तराई र पहाडका विभिन्न जिल्लामा भएको भूस्खलन (पहिरो) तथा डुबानबाट जन-धनको अपुरणीय क्षती भइरहेको छ । नेकपा (माले) बाढी-पहिरोमा परेर ज्यान गुमाउने सबैमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ । उक्त विपत्तिमा आफ्ना सहोदर र आफन्त गुमाउन पुगेका सबै प्रति गहिरो समवेदना ब्यक्त गर्दछ ।

अवैज्ञानिक सडक निर्माण कार्य, जथाभावी भिरालो जग्गामा स्काभेटर को प्रयोग, अनियन्त्रित रुपमा वनजंगल फडानी, तराईक्षेत्रका खोला-नदीहरूबाट अनियन्त्रितरुपमा ढुंगा-बालुवाको निष्काशन र भारत सरकारद्वारा नेपाल-भारत सीमाक्षेत्रमा अन्तर्राष्ट्रिय मान्यताको उल्लंघन गर्दै गरिएका बाँध निर्माण कार्यहरू **बाँकी ८ पेजमा**

## हार्दिक निमन्त्रणा

यस **ग्रेटर नेपाल राष्ट्रिय साप्ताहिक**को
सातौं वार्षिकोत्सव
यही साउन ४ गते शनिबार दिनको १ बजे
नेपाल प्रज्ञा प्रतिष्ठानमा आयोजना हुँदैछ ।
राष्ट्रवाद/पर्यावरणको संरक्षण तथा सामाजिक विकासमा उल्लेख्य योगदान गर्ने राष्ट्रिय व्यक्तित्वलाई सम्मान गरिने यस कार्यक्रममा यस पत्रिकाका वार्षिक ग्राहक, विज्ञापनदाता, शुभेच्छुक एवं सहयोगी सबैलाई हार्दिक आमन्त्रण गरिन्छ ।
*(समारोहपश्चात् जलपानको व्यवस्था पनि गरिएको छ)*

**समय सन्दर्भ**

## भारतका कारण तराई डुबानमा

■ **तेजेन्द्र प्रसाईं**

यतिबेला नेपालको तराई भूभाग जलमग्न भएको छ । मानिसहरुका बस्तीहरु डुबालमा परेका छन् । पाँच दर्जन बढी नागरिकहरुले बाढीका कारण आफ्नो सुन्दर जीवन गमाएका छन् भने बेपत्ता हुनेहरु पनि त्यत्तिकै छन् । घरवारविहीन भएका जनता भोकभोकै रात दिन बिताइरहेका छन् । उनीहरु उद्धार र राहतको आशा गर्दै बसिरहेका छन् । बाढीपीडित जनताको उद्धारमा सरकारी तदारुकता प्रभावी देखिएको छैन । मनसुन सक्रिय भएको पहिलो सातामै बाढीले देशैभर ताण्डव देखाएको छ । अझै साउन, भदौ जस्ता वर्षायामका महिना बाँकी नै छन् । बर्सेनि पानी पर्नासाथ तराई



किन पानीमा तैरिन्छ ? हजारौं जनता किन विस्थापित हुने गर्छन् ? नेपालको दुर्दशा यस्तो कसरी भइरहेको छ ? प्रस्ट छ । छिमेकी मुलुक भारतले सीमा क्षेत्रमा सडकका नाममा अग्ला बाँधहरु बनाएकाले **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

बजार व्यवस्थापन
रामशरण रिमाल

सम्पादन सहयोगी : गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा.द्वारिकानाथ ढुंगेल, प्रा.डा.चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. नोवेलकिशोर राई

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# बहुराष्ट्रिय राज्य खतरनाक एजेन्डा

सन् १९७५ मा स्वतन्त्र र सार्वभौम पहाडी मुलुक सिक्किमलाई भारतमा विलय गराएपछि नेपालको तराई भूभागलाई पनि भारतीय नक्साभित्र गाभ्न तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले भारतीय खुफिया एजेन्सी 'रअ' लाई निर्देशन दिएको र 'रअ' का प्रमुख काओले 'रअ' का अन्य पदाधिकारीहरूलाई यसबारे ब्रिफिङ गरेको कुरा 'रअ' का सेवानिवृत्त अधिकारी आरके यादवले आफ्नो पुस्तक मिसन रअमा उल्लेख गरेको कुरा सर्वविदित छ । संकटकालको घोषणा र त्यसपछिको निर्वाचनमा इन्दिरा गान्धी पराजित भएपछि रअको उक्त मिसन पूरा भएन । पुनः सत्तामा फर्किएपछि इन्दिरा गान्धीले तराईलाई फिजीकरण गर्दै सिक्किमीकरण गर्ने नीति अख्तियार गरिन । नेहरू परिवारलाई सत्तोसराप गर्ने भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि त्यही इन्दिरा डक्ट्रिनलाई अनुशरण गर्दै तराईलाई विखण्डन गराउने दृश्य अदृश्य षड्यन्त्रहरू गरिरहेका छन् ।

नेपालका राजनीतिक दलहरूमा भारतीय प्रभाव निर्णायक स्तरको रहँदै आएको छ । विशेषतः तराई केन्द्रित दलहरूमा भारतीय प्रभाव हावी देखिएको छ । मधेस केन्द्रित दलहरूलाई एकीकृत गराएर क्षेत्रीय सबल पार्टी बनाउँदै लैजाने, नागरिकताको प्रावधानलाई खुकुलो पार्न लगाउँदै आप्रबासी भारतीयहरूलाई नेपालको नागरिकता दिलाउने, बहुराष्ट्रिय राज्यको अवधारणा स्थापित गरेर मधेसलाई नयाँ बंगलादेश बनाउने र जनमतसंग्रहको औजार प्रयोग गरेर भारतीय नेपालाञ्चल बनाउने रणनीतिलाई भारतीय गुप्तचर संस्था रअले अख्तियार गरिरहेको छ । पछिल्लो समयमा भारत परस्तको छबि बनाएका डा.बाबुराम भट्टराई र मधेस एक प्रदेशको नारा उराल्ने उपेन्द्र यादव बीच रअले लगनगाँठो कसिदिएको छ । अब त्यसमा राष्ट्रिय जनता पार्टी नामको मधेस केन्द्रित दल पनि समाहित हुँदैछ । बाबुराम, उपेन्द्र, राजेन्द्र महतो, महन्थ ठाकुर, राजकिशोर यादव, अनिल यादव लगायतलाई एकै ठाउँमा उभ्याएर ११ प्रदेशको बहुराष्ट्रिय राज्य बनाउने अभिस्टता रअले बोकेको देखिँदैछ । खासगरी मधेसलाई पहाडबाट अलग गराउँदै संविधान संशोधनमार्फत नयाँ सीमांकन गराउने र मधेस राज्य निर्माण गरेर राष्ट्रपति बन्ने महन्थ ठाकुरहरूमा भूत सवार भएको विभिन्न घटनाक्रमहरूले प्रस्ट पार्दैछन् ।

भारतमा द्विराष्ट्रिय राज्यको अवधारणा जोन स्टुअर्डले ल्याए र ब्रिटेनको संसदमा इन्डियन इन्डिपेन्डिेन्ट एक्ट प्रस्तुत गरेका थिए । त्यसकै आधारमा मोहम्मद अलि जिन्नाले मुस्लिम बाहुल्य नयाँ देश पाकिस्तान लिएर भारतबाट अलग्गिए । हिन्दु र मुस्लिम धर्मका आधारमा भारत विभाजन भएको थियो । भारतमा ब्रिटिसहरूले शासन गर्दा नेपाल स्वतन्त्र राष्ट्रको हैसियतमा रहेको थियो । सन् १७५७ मा बंगालका नबावलाई पाल्सीको युद्धमा हराएपछि इस्ट इन्डिया कम्पनीको शासन सुरू भएको थियो । अंग्रेजहरूले ५६५ वटा स्वतन्त्र अस्तित्वका राज्यहरूलाई पराजित गर्दै भारत नामको राष्ट्रको निर्माण गरेका हुन् । अहिले पनि विभिन्न भारतीय प्रदेशहरूलाई रेलको लिकले मात्र जोडेको छ भावनात्मक एकता छैन । भारतको उक्साहटमा मधेस राज्यको जिकिर फेरि हुन थालेको छ । सिके राउतले मधेस राज्यको एजेन्डा छोडे अब बाबुराम सहितको मधेसी दलहरूको समीकरण तयार गरेर बहुराष्ट्रिय राज्यको मुद्दा ब्युँझाइँदैछ । मधेस राज्य पक्षधरहरूलाई गोलबन्द गरेर संविधान संशोधनका लागि अर्को मधेस आन्दोलन उठाउन 'रअ' ले अभियान सुरू गर्दैछ ।

# सरकारको असक्षमता छताछुल्ल

**सुरेन्द्र ढकाल**



वर्षभरि विकाशको बजेट खर्च नगर्ने अनि आषाढ महिना आउनासाथ बजेट सक्ने निहुँमा रातारात काम गरेर देखाउने पंचायती प्रवृत्तिले संवैधानिक राजतन्त्र काल र गणतन्त्रकालमा दुबैमा निरन्तरता पाउनुले राजनीतिक व्यवस्थामा परिवर्तन आउँदैमा असक्षम प्रवृत्तिमा परिवर्तन आई देशले आर्थिक विकाशको छलांग लिन्छ भन्ने मान्यता गलत सावित भएको छ ।

आषाढमा हतपत गरी विकाश निर्माण गर्दा बजेट चाहिँ सक्नुपर्ने तर गुणस्तरीयतामा चासो दिन नपर्ने कारण भ्रष्टाचार संस्थागत भएको हो । त्यही भ्रष्टाचारको तर मार्न खप्पिस कर्मचारीतन्त्र हावी भएको र यही कर्मचारीतन्त्रले आफूले गरेको भ्रष्टाचारको अंश राजनीतिक तहमा पनि पुऱ्याउने कारणले गर्दा नै व्यवस्था परिवर्तन भए तापनि आषाढे विकाशको संस्कार परिवर्तन नभएको हो । यो प्रवृत्तिले जुन जोगी आए पनि कानै चिरेको भन्ने जनताको विश्वासलाई बल पुऱ्याएको कारण देश प्रतिगमनमा नजाला भन्न नसकिने अवस्था आएको छ । यो संस्कारलाई अन्त गर्नै भनेर आषाढको सट्टा जेठ महिनामै संसदमा बजेट पेस गर्ने परम्परा पनि शुरु गरिएको हो । तर भ्रष्टाचारको जालो यति ब्यापक भयो कि कसैले पनि यो जालो तोडन् सकेन ।

संसारकै १० कंगाल राष्ट्रमध्ये एक, संसारकै १० भ्रष्ट राष्ट्रमध्ये एकमा नेपाल निरन्तर परिरहनुको कारणमध्येको एक कारण भनेको बजेट बेलामा खर्च गर्न नसक्नुले नै हो । आर्थिक वर्षको ११ महिनासम्म ५३ प्रतिशतको हाराहारीमा बजेट खर्च गर्ने तर आर्थिक वर्षको अन्तिम महिनामा आएर चाही ४७ प्रतिशत बजेट खर्च गरी देखाउने प्रवृत्तिले नेपालमा विकाश भनेको बालुवामा पानी सरह खेरा गई यसले जनताको जीवनस्तरमा सरकारात्मक परिवर्तन गर्नु सट्टा सरकार र राजनीतिक व्यवस्थाप्रति नकारात्मक सोचको विकाश गरिरहेको छ जस्को कारण दिन परदिन देश असफलताको भीरतर्फ अगाडि बढिरहेको प्रष्टै बुझिन्छ ।

आजको युग भनेको विश्व ब्यापारको युग हो । जुन देशले निर्यात प्रवर्द्धन गर्न सक्छ त्यसले मात्रै समृद्धि हासिल गर्न सक्छ भन्ने कुरा त चीनले गरेको ब्यापार नाफा र त्यसको कारण हासिल हुन गएको चीनको समृद्धिले प्रष्टै पारेको छ । तर दुःखको कुरा नेपालले आजसम्म एक अर्थमन्त्री जन्माउन सकेन जसले आफ्नो कार्यकालमा नेपालको ब्यापारघाटा घटाएको होस ।

रेमिट्यान्सबाट प्राप्त विदेशी मुद्राले आयात गरी त्यसबाट उठाएको भन्सारले देश चलाउनुपर्ने नियतिबाट देशलाई मुक्त गर्ने सरकार नेपालीहरुले आजसम्म देखेका छैनन भने २००७ देखि २०७६ सम्म आउँदा भएका राजनीतिक आन्दोलनको उपलब्धि चाहिँ खै के रह्यो त ? खाली राणाको ठाउँमा राजा र पंच, राजा र पंचको ठाउँमा कांग्रेस, त्यसको ठाउँमा एमाले माओवादीले पालैपालो गरी देश लुटनुबाहेक राजनीतिक ब्यवस्थामा भएको परिवर्तनले सर्वसाधारण जनताको लागि ल्यायो चाहिँ के ? खाली नेताको मुहार चिल्लो हुने जनताको चाहिँ फुस्रोको फुस्रै हुने भएपछि देश कता लाग्ला यो त मगजमा आची भरिएका नेताहरुले बुझनुपर्ने हो ।

आषाढमै आएर हतपतमा विकाश गर्नु पर्नाको कारण चाहिँ के भन्दा ठेकेदारको नियुक्तिमा ढिलाइ, आयोजनाको लागि चाहिने जग्गा प्राप्तिमा कचमच, अर्थमन्त्रालयबाट महालेखा नियन्त्रक हुँदै जिल्ला लेखा नियन्त्रकमार्फत सम्बन्धित सरकारी कार्यालयमा बजेट पठाउँदा लाग्ने लामो प्रक्रिया, विकाशको लागि चाहिने निर्माण सामग्रीको आपूर्तिमा ढिलाइ जस्ता कुराहरुको कारण बजेट बेलैमा खर्च हुन नसकेको रेडिमेड जवाफ दिन कर्मचारीतन्त्र र सरकार चलाउने राजनीतिक दलका प्रवक्ताहरु खप्पिस भई जनताको आँखामा छारो हाली आफू चोखो बनी देखाइ टोपल्न माहिर भइसकेका छन भने कहाँबाट खर्च हुन्छ समयमा नै बजेट ? योजना बनाउने भनेकै त्यस्तै कुरा बेलैमा ब्यवस्थित गर्ने हो भन्ने कखरा पनि थाहा नभएको नोकरशाह र राजनीतिक दलको सरकारमा हावी भएपछि कहाँबाट हुन्छ बेलैमा बजेटको खर्च र योजनाको कार्यान्वयन?

साँचैको विकाश गर्ने हो भने अर्थमन्त्रीले पेश गरेको बजेटको खर्च आर्थिक वर्षको ६ महिनामै सकी बरु पुरक बजेट ल्याउनु पऱ्यो, अनिमात्र देशले आर्थिक छलाङ मार्न सक्छ । एउटै मेलम्ची प्रोजेक्टले नेपालमा सत्तामा आएका सबै राजनीतिक दलहरुको विकाश आयोजना कार्यान्वयन गर्ने क्षमतामा कतिको रहेछ भनेर देखाइसकेको छ, सबै उही ड्यांगका कुहिएका मुला सावित भइसकेका छन् । यसले नेपालमा आएका आजसम्मका सरकारहरुको असक्षमता जनताको सामु छताछुल्ल बनाइसकेको छ ।

# सजिलो सधैं हुँदैन नेपाललाई (२)



**जगदीश लामिछाने**
रौतहट, पौराई

अहिले पनि जात र क्षेत्रको आधारमा आफूले चाहिँ आफू र आफ्नाबाहेक अरुलाई केही दिनै नपर्ने सरकारैलाई दोष दिएर तीन हजार वर्षदेखि बनेको एकतालाई खलबल्याएर आफैं मात्रै छुट्टै हुँ है यो देश त केही हैन जस्तै गरी कतै डेटलाइन तराई चन्द्रकिशोरज्यू असार २६ गते २०७६ कान्तिपुरमा वाग्मती नदीको नाफा खोई ? भन्नुहुन्छ भने अरु पनि त्यस्तै एकलकाँटेहरु छन् । यस्तैमा विद्रोहको बिउ सप्रन्छ कि भनी गौडो बाटो ढुक्नेहरुलाई सरकारले पनि तह लगाउनु परेको छ । वास्तवमा सरकारको पनि राम्रो कुरामा विपक्षी दलले नै पनि सफलताको चाहना गरिदिएको राम्रो हुन्छ । नराम्रो कुराको सुइँको दिँदा सुधारको उपाय पनि दिनु राम्रो हुन्छ । अरु कुरामा यसै शीर्षक प्रथममा २०७६ असार १३ मा स्तम्भ लेख नं २४५ मा लेखिएकै छ । अब क्रमशः केही चिन्तन गरौं ।

**(१) शिक्षा**

प्रस्टसँग भन्ने हो भने केही मात्रामा राजा महेन्द्र नै अन्तिम दशकतिर हेपिएकै हुन् । त्यो बखत अरु कोही नभएर यो हरफकर्तासहित स्थायी कर्मचारी मेहनती २०२१ मै हेपियो । अघि माथिल्लो पदहरु राजा महेन्द्रले पनि अस्थायीलाई स्थायी गरेकै हुन् । उनका धेरै राम्रा काम भएर आफैंले त्यो कुराको प्रशंसा नै गरियो । यसै प्रसंगमा उदाहरणार्थ नयाँ शिक्षा नीति स्वीकृत हुँदै थियो । त्यस कुरामा कर्मचारी र नेता दुवै थिए । शिक्षा शास्त्रीहरुकै खोटा मालमा व्यावहारिकता र प्रगति नै भएको भए यो देशको राष्ट्रियता नै बलियो हुँदो हो । दलगत माखे साङलोमा शिक्षा जस्तो पवित्र वस्तु पर्ने नै थिएन । अहिले विश्वविद्यालयहरुका खोटा मालहरु अख्तियारले देखाउँदा योग्य प्राज्ञहरुको शिर पनि निहुरिने थिएन । विदेशमा पढेर आउनेहरु पनि छानी छानी योग्यहरु हुँदा हुन् । विश्वविद्यालयहरुले नेपाल सरकारसमक्ष झोली थाप्न मात्र खोलेका हुन् कि जस्तो पनि भयो किनभने शिक्षितहरु नै विदेशमा असरल्ल हुन जानु ती विश्वविद्यालयकै लागि पनि दुःख लाग्नुपर्थ्यो । प्रजातन्त्रवादी र कम्युनिस्ट हुँ भन्नेहरुले यो कुरा चिरेर देखाएको खोई ? एक विश्वविद्यालयले अर्काको क्षेत्रमा छिर्के दाउ खेल्ने होइन आफ्ना उत्पादन स्वदेश विदेशमा अब्बल देखिनेपर्छ । यस्तोमा हिमवत संस्कृतिकै जिम्मा लिएको नेपाल संस्कृत विश्वविद्यालय पनि पर्छ । उसले शान्त भएर बसे पनि तलब अनुसार काम देखिनु नै पऱ्यो हैन र ? कार्यमूलकपना खोई ?

**(२) नेपालका धनीमानीहरू**

नेपालका साहू महाजनहरु पनि विदेशी सामान किनबेचमा मात्र सिपालु जस्ता छन् । स्वदेशका गाउँघर किन रित्ता भए ? खेतबारीहरु बाँझै पारेर हिँड्दा हुनेखानेले नहेरेको किन हो ? निकासी गर्ने सामान नै भएन । यो विषय राजा वीरेन्द्रलाई मात्र दोष दिन मिल्दैन साहूमहाजनले पनि स्वदेश जिम्मा लिनैपर्छ । छोराछोरीले मागे पनि राजाले राज्य छाड्नै हुँदैन थियो । साहूमहाजनले देखाएका भए प्रजातन्त्रवादी र कम्युनिस्ट नेताहरु पनि तह लाग्ने नै थिए किनभने तिनीहरु प्रायः कतै काम नपाएका आर्थिक अकिंचन वा अज्ञानी नभएको भए तिनीहरुकै कामबाट हामीलाई विदेशले हेप्न पाउने नै थिएन । यस कुराको प्रस्ट प्रमाण अहिलेको सरकार माओवादी हिंसा गराउने गर्ने र समाधान गर्छु भन्ने अहिले प्रचण्ड र केपी ओलीको एउटै पार्टी नेपाल कम्युनिस्ट पार्टीको नेपाल सरकार चलेकै छ केही भन्नै परेन बुझ्नैपर्छ ।

**३. थरी थरीका विशेषज्ञ नै नजान्ने हुन् कि गर्नेहरू बेगारा ?**

माथिको शीर्षकमा कखगघ विभाग लगाएर विचार गरौं ।

(क) वर्तमानकालका कयौं योजना पर्यावरणमैत्री नभएर तत् विषय काम गर्दा राजधानीसहित गाउँ तथा नगर क्षेत्रका कामहरु 'गरिस् ? गरैं' जस्तै हुँदैछन् । प्राप्त बजेट तथा श्रमको नोक्सानी त छँदैछ हाम्रा कयौं पुराना बस्ती तथा क्षेत्रमा अनुपयोगी सडक निर्माण गरी सार्ने भई बस्ती पनि विरुप पार्दैछन् । यस्ता कुरामा श्री ५ पृथ्वी नै प्रस्टवादी हुन् ।

(ख) अर्कोतिर पनि हेरौं । चितवनमा गैंडाहरु आफैं मरे रे । हेरिँदै छ रे । यिनको लागि पोखरी र खाने डुल्ने कुरा ठीक छ छैन हेरियो त ? बाघ चितुवा आदिलाई भैंसी, राँगा, मृग आदि पर्याप्त छन् त ? एउटा मृग खान बाघले १० पल्ट प्रयास गर्छ र मात्र सक्छ भनिन्छ । त्यस्तै हात्तीलाई स्वास्थ्यबर्द्धक कमलो काठ स्याउला पानी आदि पर्याप्त छ त ? यस्तै अपर्याप्ततामा जंगली जस्तु बस्तीतिर आउने हुन् ।

(ग) परराष्ट्र व्यवहारमा पनि विश्वकर्मा कामीको उखान नै चरितार्थ हुन्छ '१० घर बिष्ट २ घर कामी जस्ता तिमी उस्तै हामी' अर्थात् आयतनमा र बलमा सानु हुने देशले आफ्नो भलो आफैं गर्नुपर्छ । दान रिन तथा पैंचो दिनेले किन र कसरी दिन्छन् हेर्न र बुझ्नै सक्नुपर्छ । दिनेले कसरी र कुन मतलबले दिन्छ बुझ्नै सक्नुपर्छ ।

(घ) अहिले विद्युत् आदि योजनामा पनि कसैले निश्चित रकम दोब्बर तथा तेब्बर पार्न प्रसारण लाइन नै रोक्लान् कि पहिल्यै होस् गर्नैपर्छ । यसो नगरेको हुनाले मेलम्चीको पानी काठमाडौं नआएको हो । २९ किमि सुरुङ सके पनि अझै उस्तै छ । यसैले यस्ता लुकेर घात गर्नेहरु बेला बेलामा दण्डित गर्न सकिएन भने हाम्रै मध्यपहाडी राजमार्ग कहिल्यै पूरा हुने छैन बरु बिग्रैरै सकिनेछ । तराईको हुलाकी राजमार्गका पुल र जंगली जन्तु वारपार गर्ने सुरुङ नबनेर त्यहाँ समस्या भएको छ । यी सबैमा लुकेर षड्यन्त्र गर्नेहरु दण्डित गरिनै रहनुपर्छ । अनि मात्र पूरा हुनेछन् । चुरे उत्खनन्कारीलाई र बसोबास दुरुद्योगीहरुलाई पनि कारबाही नगरे सम्पूर्ण तराई नै मरुभूमि होला होस गरौं ।

# वन संरक्षणका अभियन्ताहरु पुरस्कृत

■ **राजेन्द्र शर्मा**

बोटबिरुवालाई नै आफ्नो सर्वस्व ठान्ने र आफ्नो जमिनमा विभिन्न जातका बिरुवा हुर्काएर निजी वन बनाउने कन्काई ६ झापाका शान्तिराज प्रसाईं र कुसुम सिटौला प्रसाईंले निजी वन राष्ट्रिय पुरस्कार २०७६ प्राप्त गरेका छन् । वन तथा भूसंरक्षण विभागले दिवंगत सर्वोच्च नेता गणेशमान सिंहको सम्मानमा २०५६ सालदेखि गणेशमान सिंह सामुदायिक वन राष्ट्रिय पुरस्कार एवं अन्य पुरस्कारहरु स्थापना गरेको थियो । वन संरक्षण अभियानमा निरन्तर लाग्नेहरुलाई असार ३१ गते एक समारोहको आयोजना गरी वन तथा भूसंरक्षण मन्त्री शक्ति बस्नेतको प्रमुख आतिथ्यतामा पुरस्कृत तथा सम्मानित गरियो ।



पाथीभरा निजी वन बाटिका नामको निजी वन दर्ता गरी हरियाली प्रबर्द्धनमा सक्रिय रहेका दम्पती शान्तिराज र कुसुमले निजी वनतर्फको प्रथम पुरस्कार प्राप्त गरेका छन् । उनीहरुलाई दिएको सम्मान पत्रमा भनिएको छ- तपाईंले निजी वनको स्थापना, संरक्षण, सम्बर्द्धन र व्यवस्थापनबाट वन पैदावार आपूर्ति तथा स्थानीय रोजगारीमा अभिवृद्धि एवं जैविक विविधताको संरक्षणमा पुऱ्याएको योगदानको कदर गर्दै नगद रु. पचहत्तर हजारसहित प्रथम पुरस्कार प्रदान गरिएको छ ।'

ताप्लेजुङको फुलबारीमा जन्मिएका प्रसाईं लामो समयसम्म स्थानीय वामपन्थी राजनीतिमा सक्रिय रहेका थिए । ताप्लेजुङबाट काठमाडौं आई केही वर्ष व्यापार व्यवसाय समेत गरेका प्रसाईंले विगत आठ वर्ष अगाडिदेखि निजी वन लगाउन तथा कृषि फर्म सञ्चालन गर्न थालेका थिए । मुलुकको युवाशक्ति विदेश पलायन भएको र गाउँघरका खेतबारी बाँझै रहने अवस्थामा पुगेकाले आफूले नमुनाको रुपमा केही गरेर देखाउने उद्देश्यसहित सहरबाट गाउँ फर्किएर कृषि पेसामा सक्रिय रहेको प्रसाईं बताउँछन् । आफू प्रचारप्रसारमा भन्दा अहोरात्र काममा खटिएको र त्यहीअनुसार बाँझो जमिनमा बोटबिरुवा हुर्किएर हराभरा भइरहेकाले मैले गरेको कामप्रति राज्यको दृष्टि पर्न गएकाले आफू पुरस्कृत भएको प्रसाईंको भनाइ रहेको छ ।

शान्तिराज प्रसाईंले खेर गएको र बाँझो जग्गामा वृक्षारोपण गर्न सबैलाई प्रोत्साहित गर्ने गरेका छन् । उनीसँग भेट्ने जोकोहीसँग पनि वृक्षरोपणबारे नै चर्चा गर्छन् । झापा जिल्लालगायत तराईका थुप्रै जिल्लामा नदी कटानको समस्या रहेको र जमिन मरुभूमिकरणतर्फ गइरहेकाले नदी आसपासका सबै जग्गा जमिनमा वृक्षरोपण गर्नुपर्ने प्रसाईं दम्पतीको सुझाव रहेको छ । पुरस्कारले आफूलाई यस क्षेत्रमा लाग्न थप सक्रिय बनाउने विश्वास उनीहरु व्यक्त गर्छन् ।

यसैबीच हरियाली सामुदायिक वन समूहले सामुदायिक वनतर्फको प्रथम पुरस्कार जितेको छ । धुसेनी सामुदायिक वन उपभोक्ता समूह दोस्रो र तिब्रीकोट सामुदायिक वन उपभोक्ता समूह तेस्रो, खक्सेनी सामुदायिक वन उपभोक्ता समूह चौथो र जलदेवी सामुदायिक वनले सान्त्वना पुरस्कार जितेको छ । साझेदारी वन राष्ट्रिय पुरस्कार कपिलवस्तु वन व्यवस्थापन समितिले प्राप्त गरेको छ भने कबुलियति वन राष्ट्रिय पुरस्कार गाढाही वन समूहले प्राप्त गरेको छ । त्यसैगरी इच्छा कामना कबुलियति वन पनि पुरस्कृत भएको छ । यसका अतिरिक्त वन संरक्षण अभियानमा सक्रिय रहेका कर्मचारीहरु पनि पुरस्कृत भएका छन् ।

पुरस्कार वितरण समारोहमा वन तथा भूसंरक्षण मन्त्री शक्ति बस्नेत, सचिव विश्वनाथ ओली, वन विभागका महानिर्देशक रामप्रसाद लम्साल, वन उपभोक्ता समूहकी अध्यक्ष भारती पाठक लगायतले सम्बोधन गरेका थिए ।

# मैले देखेको एक सय पाँचौं विश्व सम्पदा:
# फ्रान्कफर्टको सेन्ट निकोलाउस चर्च

सुरेन्द्र ढकाल



चर्च अगाडिको क्रिसमस मार्केट यस्तो देखिन्छ



चर्चको भित्री भाग



चर्चको प्रार्थना कक्ष (नेभ)



चर्चमा रहेको घण्ट



माथिबाट हेर्दा रोमरवेर्ग चोकमा निकोलस चर्च

फ्रान्कफर्टको भित्री शहर रोमरवेर्ग र त्यहाँको बीचमा रहेको जस्टिस फाउन्टेन अवलोकन गरेपछि हामी विस्तारै त्यहाँ भएको विश्वप्रसिद्ध निकोलाउस चर्च अवलोकन गर्ने उद्देश्यले त्यतातिर लाग्यौं ।

**सेन्ट निकोलाउस चर्च**

यो मध्यकालिन चर्च फ्रान्कफर्टको पुरानो शहर रोमेरवेर्गको सभागृहको नजिकै रहेछ। पहिले साउफेरियन सामन्त घरानाको पूजाको लागि बनाइएको यो एक लुथेरान प्रोटेस्टेन्ट चर्च सेन्ट निकोलाउसप्रति समर्पित रहेछ । यस चर्चमा ५१ वटा घण्टी रहेछ जसमध्ये ४ वटा मानव संचालित घन्ट र ४७ वटा मेशिन (कारिरल्लोन) बाट बज्ने रहेछ । यस कारिल्लोनबाट मध्यकालिन समयमा जर्मन लोकसंगीत नियमित रुपमा बजाइने परम्परा रहेछ । यो चर्चको पहिलो गजुर (सापेल) १२ औं शताब्दिको मध्यतिर दोस्रो चाहिँ १५औं शताब्दिमा निर्माण भएको रहेछ। राजा र सासंदहरुले निर्वाचनताका मत खसाल्नु पर्दा यही चर्चमा बुथ राखिँदो रहेछ । चर्चको भित्र जिगफ्रिड र क्याथरिनाको गरी माडेन गेर्थेनरले सन १४१०।२० तिर बनाएको दुइवटा महत्वपूर्ण चिहान पनि रहेछ। सन १४७६ मा यस चर्चभित्रै गोथिक शैलीको ग्यालेरी पनि बनाइएको रहेछ जहाँ बसी सभासदहरुले धार्मिक कार्यक्रम अवलोकन गर्दा रहेछन । निर्माणकालदेखि नै नियमित जिर्णोद्धार हुँदै आएको र दोस्रो विश्वयुद्धताका फ्रान्कफर्टको भित्री शहर वम आक्रमणबाट पुरै ध्वस्त भए तापनि यो चर्चमा भने आंशिक क्षति मात्र पुगेको रहेछ। युद्धपछि डोमरोमर प्रोजेक्ट अन्तर्गत पुरानो शहरसहित यो चर्चको पनि पुनरनिर्माण भएको रहेछ। आधुनिक गगनचुम्बी फ्रान्कफर्ट शहरको टावरको अघिल्तिर रहेको यो सानो चर्चले पुरानो फ्रान्कफर्ट शहर कस्तो थियो भन्ने राम्रो झल्को दिने रहेछ । चर्चको भित्र एक प्रार्थनाकक्ष (नेभ) अनि त्यहाँ सजाइएका पुरातात्विक महत्व भएका बेन्चहरु अनि त्यहाँ बसी कारि्रल्लोनमा बजेको लोकसंगीत सुन्ने परम्परालाई अलौकिक मानिदो रहेछ । क्रिसमसताका चर्चको वाल्कोनिबाट गायकहरुले गीत गाउने अनि दर्शकहरु चाहि चर्चको चोकमा रहेको क्रिसमस बजारको रेस्टुराँमा बसी बियर पिउँदै, स्नित्चेल (पिठोको लेदोमा चोपली बनाएको मासुको पकौडा) खाँदै संगीतको धुनमा रम्छन भन्दा रहेछन् ।



रोमरवेर्ग चोकमा सेन्ट निकोलस चर्च यस्तो देखिन्छ

# १७. रौतहट निरीक्षण लगत्तै केरला भ्रमण-२




■ शम्भुराम श्रेष्ठ

**१७. रौतहट निरीक्षण लगत्तै अखिल भारत किसान सभाको छैठौं सम्मेलनमा सहभागी हुन केरला भ्रमण-२**

विषयको मूल तत्वलाई बुझेको रहेनछ। रौतहटबाट फर्किएपछि काठमाडौंमा भएको पार्टी केन्द्रीय कमिटीको बैठकमा मैले नेपाली क्रान्तिको सफलताको निम्ति हामीले पनि आफ्नो मुलुकका वस्तुगत विशेषताहरु सुहाउँदो ठोस रणनीतिक परियोजना तयार गर्नुपर्छ भन्ने बारेमा प्रस्ताव नै राखेको थिएँ। पार्टी केन्द्रीय कमिटीका सबै सदस्यहरुले गम्भीर भएर मेरो कुरा सुने, कसैले पनि विरोध गरेनन र केन्द्रीय कमिटीले मौनम स्वीकृति जनायो तर केन्द्रीय कमिटी वास्तविक रुपले गम्भीर भएको देखिएन।

जे होस्, मेरो प्रस्तावकै कारणले का.गौरीभक्त प्रधानलाई चीन पठाउने भयो। ५-६ महिनापछि का.गौरी चीनबाट फर्किआए र त्यहाँ भएका कुराकानीबारे उनले प्रतिवेदन पनि केन्द्रीय कमिटीमा पेश गरे। तर ठोस सुझाव सहितको प्रतिवेदन नभएको हुनाले त्यसबारे कुनै निर्णय भएन। त्यसको ६ महिना जति पछि पार्टी केन्द्रीय कमिटीले एकजना पार्टी सदस्यलाई साथमा लिएर मैले चीन जाने निर्णय गर्‍यो। यस कामको निम्ति मैले का.निर्मल लामालाई रोजें र उनलाई साथमा लिई म थाकखोलासम्म पुगें। तर का.शमशेर चाँड (शमशेरमान शेरचन) र का. कवि भूपि शेरचनले बाटो देखाउने र बाटोमा आवश्यक मद्दत गर्ने कुरिएरहरुको व्यवस्था गर्न नसकेकाले १५ दिन जति थाकखोलामै का.भूपि शेरचनको घरमा बसेर हामीहरुले फर्किनु पर्‍यो।

रौतहटमा १०-१२ दिन बसी आन्दोलनबारे सबै जानकारी हासिल गरेपछि यहाँबाटै सोझै केरल राज्यमा हुन गइरहेको अखिल भारत किसान सभाको छैठौं राष्ट्रिय सम्मेलनमा अखिल नेपाल किसान संघको तर्फबाट भाइचारा प्रतिनिधिको रुपमा सहभागी हुन म का.नम्बुदरीपादले लेखिपठाउनु भए मुताबिक तोकिएको समयमा कलकत्ता पुग्नका लागि रवाना भएँ। म कलकत्ता पुगेको पर्सिपल्ट एउटा सिंगै रेल्वे बोगी रिजर्व गरी पश्चिम बंगालको प्रतिनिधि मण्डलसँगै मद्रासतर्फ लागें। बंगाली कामरेडहरुको साथमा गएकाले बाटोमा कुनै असुविधा भएन र एकदमै रमाइलो गर्दै केरल पुग्यौं।

केरल करिब करिब समुद्र सतहमा अवस्थित भएकाले अति नै रमणीय अनुभव गरें। त्यहाँ पुगेकै भोलिपल्टै अपरान्हमा अखिल भारत किसान सभाको केन्द्रीय काउन्सिलको बैठक अरब सागरकै छेउमा अवस्थित एउटा सुन्दर बंगलामा बसेको थियो जुन बैठकमा मलाई पनि सहभागी गराइएको थियो। बैठक सुरु भएपछि सबभन्दा पहिले त केन्द्रीय काउन्सिलका सबै सदस्यहरुसँग मेरो परिचय गराइयो। त्यस क्रममा कतिपय सदस्यहरुमा नेपालबारे विल्कुलै भ्रम रहेको देखियो, अर्थात् ती सदस्यहरुले नेपाल पनि भारतकै एउटा अंग भएको व्यक्त गरेका थिए। त्यति माथिल्लो स्तरका कामरेडहरुमा नेपाल जस्तो एक अति नजिकको छिमेकी मुलुकबारे समेत राम्रो जानकारी नभएको देख्दा मलाई एकसाथ आश्चर्य र दुःख लाग्यो। का.नम्बोदरीपादले तुरुन्तै त्यसबारे उनीहरुलाई स्पष्ट पारिदिनुभयो। भारतीय कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीको निर्णय अनुसार केही दिनअघि मात्रै सशस्त्र तैलंगना किसान विद्रोह फिर्ता लिई बन्द गरिएको हुनाले बैठकमा त्यस बारेको प्रतिवेदनमाथि पनि छलफल भएको थियो। उक्त प्रतिवेदनमा सशस्त्र तैलंगना किसान विद्रोहलाई किन फिर्ता गरियो भन्ने बारेमा भारतीय कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीले जुन आधार अथवा कारण दिएको थियो, त्यो मलाई विल्कुलै ठीक लागेन। बैठकमा त्यसबारे सुन्ने सुनाउने काम मात्र भएको र छलफल नभएको हुनाले त्यस सम्बन्धमा मैले आफ्नो विचार राख्ने अथवा राख्ने स्थिति नै भएन। पार्टी केन्द्रीय कमिटीले माथि उल्लेखित सशस्त्र किसान विद्रोह फिर्ता गर्नु पर्नाका कारण के दिएको थियो भने नेहरुको नेतृत्वमा गठित एवं सञ्चालित सरकार प्रगतिशील भएकाले त्यसको विरुद्ध सशस्त्र किसान विद्रोह गर्नु विल्कुलै अनुचित थियो। भारतीय कम्युनिस्ट पार्टीको केन्द्रीय कमिटीको त्यो सोच नै सही थिएन, गलत थियो। त्यति मात्रै होइन, त्यो सोच र निर्णय अमार्क्सवादी र द्वन्द्वात्मवाद विपरीत थियो। कारण सत्य जहिले पनि ठोस र सम स्थान सापेक्ष हुन्छ। यहाँनेर भारतको कम्युनिस्ट नेतृत्वले सही गलत ठम्याउनमा गल्ती गर्न पुग्यो। भनाइको तात्पर्य के हो भने अंग्रेज साम्राज्यवाद विरुद्धको स्वाधीनता संग्रामको दौरान गान्धी नेहरुको नेतृत्वमा भारतीय राष्ट्रिय कांग्रेसले खेलेको क्रान्तिकारी, प्रगतिशील भूमिका र भारत स्वाधीन भएपछि सत्ताधारी पार्टीको रुपमा त्यस पाटीले खेलेको प्रतिक्रियावादी भूमिकालाई भारतीय कम्युनिस्ट पार्टीको नेतृत्वले ठीकसँग छुट्याउन सकेन। फलतः कम्युनिस्ट नेतृत्वले जुन बेला भारतीय राष्ट्रिय कांग्रेस पार्टीले क्रान्तिकारी, प्रतिक्रियावादी पुँजीवादी सत्ताधारी पार्टीको हैसियतले प्रतिक्रियावादी भूमिका खेलिरहेको थियो, त्यसबेला त्यस पार्टीलाई र त्यसको सरकारलाई प्रगतिशील भन्ठान्न पुग्यो।

म अखिल भारत किसान सभाको राष्ट्रिय सम्मेलनमा भाग लिई काठमाडौं फर्किनुअघि नै यहाँ पार्टीको तत्कालीन पोलिटब्युरोले बटेश्वर केन्द्रीय कमिटीको बैठकको आयोजना गरिसकेको रहेछ।

# ड्युसलडर्फ : चकित पार्ने आधुनिकता, छक्कै पार्ने प्राचीनता

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**





जर्मनीमा खाद्य सम्बन्धी औद्योगिक व्यवस्थापनको एकवर्षे तालिम लिइरहँदा त्यस विशाल देशको धेरै ठाउँमा घुम्न पाएको थिएँ। तालिमसम्बन्धी विविध कार्यक्रमहरू सुरु हुनुभन्दा अगाडि चार महिनासम्म जर्मन भाषाको अध्ययन एउटा सानो गाउँमा भइरहेको थियो।

जर्मनीजस्तो विकसित देशमा आएर पनि कठोर स्कूले जीवन बिताउनपर्नु साँच्चै मन मर्ने जस्तो कुरा थियो। तर 'हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ' भन्ने तथ्य त्यस बेला महसुस भयो जब त्यो भाषा स्कूले जीवनको दुई महिनाको पहिलो सत्रपछि सात दिनको छुट्टी पाएँ। पिँजराबाट फुत्केर अकासिँदै उड्दै जाने चराको जस्तो मेरो मन ढुकढुक भयो।

छुट्टीको बेला पनि गाउँमा त्यसै बसिरहनु उराठलाग्दो हुनु निश्चितप्रायः थियो। त्यसैले शिक्षार्थी मित्रहरू धेरैले बाहिर जाने कार्यक्रम बनाउन थाले। आफू पनि यस्तै धुनमा थिएँ। बर्लिन जाने उत्कट अभिलाषा थियो तर त्यो अभिलाषा केवल अभिलाषामा नै सीमित हुन पुग्यो। अनि अर्को वैकल्पिक गन्तव्यस्थान ड्युसलडर्फलाई रोजें र त्यहाँको एउटा प्रसिद्ध हिल्टन होटेलमा कार्यरत काठमाडौंली परिचित मित्रसँग पत्राचार पनि गरें। उनीबाट पनि पूर्ण आश्वासन पाउँदा मनमा न्यानोपनको अनुभव हुनु स्वाभाविकै थियो। त्यसमा पनि दुई महिनादेखि कुनै नेपालीको नाकमुख देख्न नपाउँदा कताकता छटपटीको अनुभव भइरहेको थियो। ईश्वरको अनुकम्पास्वरूप 'तँ इच्छा गर्, म पुर्‍याउँछु' भन्ने धारणा मूर्त रूप हुन गयो। एक जना पाकिस्तानी मित्र युसुफ अली पनि ड्युसलडर्फ जाने तरखरमा रहेछन्। उनी झट्ट हेर्दा 'ब्राह्मण' जस्तो देखिने र कुराकानीमा मृदुता तथा मनोहारिता टप्काउने युसुफप्रति हृदयदेखि नै विश्वास हुन थाल्यो।

**जर्मनीको हिउँ**

जनवरीको अन्त्यतिरको समय थियो। अरू बेलाभन्दा मौसम ज्यादै ठन्डी थियो र तापक्रम शून्य डिग्री सेन्टिग्रेडभन्दा तल ओर्लेको थियो। बाक्लो भुवादारी लामो कोटले शरीरलाई माथिदेखि तलसम्म छोप्न पाएकोले मात्र ज्यान धान्न सकेको थिएँ। बिहान सबेरैदेखि सिमलको भुवा झरेझैँ हिउँ फुरफुर परिरहेको थियो। भोलिपल्ट बिहानै युसुफ र मेरो ड्युसलडर्फ जाने कार्यक्रम थियो। पानी बेसरी पर्दा त बहिर निस्कन अप्ठ्यारो मान्ने मलाई त्यो हिउँ पर्दा मनमा झन् गह्रुँगो अनुभव हुनु कुनै अस्वाभाविक थिएन। हिउँ परेपछि कतै बतास लाग्यो भने खतरा मोल्नुपर्ने अलग्गै थियो। कस्तो फसाद ! मनोलोकमा तर्कवितर्क र आशङ्काका बादलहरू मडारिरहेका थिए। राति अबेरसम्म 'किंकर्तव्यविमूढ' भइरहें। अब जसो होला 'देखा जाएगा' भन्ने मनमा विचार गर्दै घुप्लुक्क घोप्टिएर सुतें।

भोलिपल्ट बिहानै उठें। तर गजब ! ओइलाउन लागेको मनमा त्यो विधि स्फूर्ति, त्यो विधि उमङ्ग कहाँबाट आएको हो कुन्नि ! यत्तिकैमा आफ्नो नोटबुक पल्टाउँदा कवि सिद्धिचरणका निम्नलिखित प्रेरणादायक वाक्यांशमा आँखा पर्‍यो जसले पिठ्यूँ सुमसुम्याएर छाप दिएजस्तो लाग्यो-

*सागरको बीच आइसकेपछि भयले अब हट्नु हुँदैन,*
*आँधी आई कुर्ले कुर्लोस् अब हिम्मत हार्नु हुँदैन।*
*डुब्ला मर्ला अरू के होला यत्ति न हो त्रास तँलाई,*
*लाखौँ मर्छन् लाखौँ डुब्छन् जगको रीत चलाउनलाई।*

युसुफ र म दगुर्दै गाडी चढ्न पुग्यौं। चार-पाँच मिनेट नबित्दै निश्चित समयमा रेल गुड्न थाल्यो, मानौं यो हामी दुईलाई नै पर्खिरहेको थियो। जर्मनीमा रेलगाडीको तोकिएको समयमा आउने-जाने प्रशंसनीय व्यवस्था छ। समयको महत्ता जान्ने जर्मनजातिको प्रशंसा गर्नै पर्छ। ड्युसलडर्फ पुग्ने प्रबल इच्छाको कारण मैले पेट भर्न पनि पाएको थिइनँ। भोक बढ्दै जान्छ, शरीर शिथिल हुँदै आउँछ। ट्रेनबाट हिउँले सेताम्मे ज्यादै मनोहर दृश्य देखिन्थ्यो तर भोकाएको व्यक्तिलाई त्यो मनोहारिताको के प्रयोजन ! जसरी आगोको अगाडि बरफको अस्तित्व हुँदैन, त्यस्तै भोकाएको खाली पेटको अगाडि दार्शनिक विचारको के महत्व ! दुई घण्टाजति पछि बल्ल एउटा स्टेसनमा ट्रेन बदल्नुपर्ने सौभाग्य प्राप्त हुन्छ। अर्को ट्रेन आइपुग्न पन्ध्र-बीस मिनेट मात्र बाँकी थियो। त्यही मौका छोपी स्टेसनमै रहेको एउटा सानो कफीहाउसमा पसी युसुफ र मैले कफीसँगै पुरियाका पुरिया बिस्कुटहरू उडाउन थाल्यौं।

**नेपाल र नेपाली विदेशीको दृष्टिमा**

अनि भने युसुफसँगको कुराकानीमा केही रस आउन थाल्यो। नेपाल र नेपालीको विषयमा उनको विचार अस्पष्ट रहेछ जसअनुसार नेपाल भन्नु नै आधुनिकताको निकै पर कुनामा रहेको डाँडाकाँडा, पहाडैपहाड थियो, अनि नेपाली भन्नु पनि सूरा तर बुद्धि नभएका 'गोरखाबहादुर' रहेछन्। अझ उनको विचारमा नेपाल भन्नु नै भारतको एउटा अभिन्न अङ्ग प्रान्तजस्तै रहेछ। यो सुन्दा सुतिरहेको बाघ गर्जेर उठेझैँ मेरो मानसपट जुरमुराएर उठ्यो र मनमनै हुङ्कार भर्दै सविस्तार प्रामाणिक तथ्यहरू अघि सारेर नेपाल एउटा सार्वभौमसत्तासम्पन्न, स्वतन्त्र, संसारको एक मात्र हिन्दू राष्ट्र हो जहाँ स्वतन्त्र नेपालीको परापूर्वकालदेखि आफ्नै मौलिक उच्च कला, कौशल तथा संस्कृति छ भनी लम्बे व्याख्यान झार्न थालें।

भारतमा अङ्ग्रेजहरूले राज्य गरेको हाराहारीमा एक सय चार वर्षसम्म आफ्नै देशका दाजुभाइ राणाहरूले निरङ्कुशतापूर्वक एकलौटी शासन गरेको हृदयविदारक गाथाहरू सुनाउँदै अहिले नेपालीहरू आफ्नै खुट्टामा भर पर्दै औद्योगीकरणतिर बामे सरिरहेको र नेपालमा आधुनिक उन्नतिको मिरमिरे उज्यालो भइरहेको दृष्टान्ट दिँदा युसुफ साँच्चै तीन छक्क परे।

देशप्रेमको पाठ वास्तवमा आफ्नै देशमा भन्दा विदेशमा छँदा राम्रोसित सिकिने रहेछ। आफ्नै देशमा बसी विदेशी 'वाद' मा बरालिएर हिँड्ने, आफ्नै सङ्कुचित घेरामा सीमित भएर बस्ने कुनै पनि नेपालीले देशप्रेमको पाठ सिक्नु छ भने सर्वप्रथम उसले विदेशको यात्रा गर्नुपर्छ भन्ने मलाई लाग्यो। त्यस बखत कुनै विदेशीले नेपाल र नेपालीको विषयमा हिलो छ्याप्ने कार्य गरोस् त अनि देखिन्छ त्यस नेपालीको देशप्रेमको चेतना घचघचिएर जुरमुराएर उठेको।

तर विचित्रको व्यक्तित्व भएको युसुफसँगको साथ यत्तिकै रहेछ। केही दिनअघिसम्म ड्युसलडर्फमा मावली नातेदार छ भन्ने मान्छे ड्युसलडर्फ पुगुन्जेलसम्ममा दुईजिब्रे हुँदै गएको चाल पाउन लागें। ड्युसलडर्फ पुगेर गाडीबाट ओर्लिएपछि दुई जना दुईतिर लाग्यौं। उनका लागि खर्च भएको पैंतीस-चालीस डोयचमार्क सम्झँदा बेफ्वाँकमा आफू ठगिएको अनुभव भयो।

*(क्रमशः)*

**पुस्तक विवेचना**

# रमापति पराजुलीबारेको स्मृतिपुष्प

**पशुपति पराजुली "सालघारी"**



*भाषा भूल दया क्षमा र ममता सन्तोष जान्दैन त्यो,*
*इन्द्रै विन्ती गरुन झुकेर पदमा त्यो विन्ती मान्दैन त्यो।*

कविशिरोमणी लेखनाथ पौडेलले आफ्नो समयमा गरेको यो अनुपम सिर्जनाको दुई लहर हो यो। वास्तवमा काल भन्ने कुन वस्तुको नाम हो ? काल महिमा कविता लेख्दा पनि कविज्यूले छोएको कर्मको मात्र दृष्टान्त प्रस्तुत गर्नुभयो। उसको बनौट कस्तो छ कालो, गोरो, अग्लो, होचो, कपाल पालेको, खौरेको, दारी जुँगा आएको, महिला, पुरुष के हो ? अझै कुनै कृष्णले पनि उसको भौतिक रचनाको वर्णन गर्न सकेनन्। यस्तो ब्रम्हाण्डका सम्पूर्ण जीवहरुको शत्रु भने पनि ऊ मर्छ कि मर्दैन ? कहिले जन्मियो ? उसको बुढापा, परिवार, श्रीमती, छोराछोरी लगायत के छन् ? भित्री रहस्य कसैले खोल्न सकेनन्। साथै उसलाई आजसम्म कसैले नियन्त्रण गरेर राख्न पनि सकेनन्। भौतिक संसारमा रहेको पिँजडा, जेलनेल, बन्दुकका गोली सवै उसका लागि निरर्थक सावित भएका छन्। आजसम्म पनि ऊ आफ्नो नियमित कार्यतालिकामा क्रियाशिल रहेको देखिन्छ। उसको यो क्रियाशिलता वास्तवमा प्राणीहरुको लागि असामयिक छ भन्छन् सबैले। यही कालको असामयिक क्रियाशिलतामा पर्नु हुने पराजुली वंशका उज्याला नक्षत्र हुन्- रमापति पराजुली।

समग्र परिवारिक पृष्ठभूमिलाई समेटेर यो "रमापति पराजुली स्मृतिपुष्प" नामक परिवारिक खोजमूलक ग्रन्थ प्रकाशित भएको छ। रमापति पराजुलीको वार्षिकी २०७५ पौष २२ गते विमोचित यस ग्रन्थलाई पराजुली समाज नेपालका अध्यक्ष कुलप्रसाद पराजुलीले प्रमुख सम्पादनको महत्वपूर्ण कार्य जिम्मा लिई सम्पन्न गरेका छन्। प्रमुख सम्पादक नै समालोचना, साहित्य र प्रध्यापन क्षेत्रको उच्च ज्ञाता विद्वान व्यक्ति हुनुहुन्छ। यसबाटै यो पुस्तकको विश्लेषणात्मक र भावनात्मक उचाई आँकलन गर्न सकिन्छ।



यस पुस्तकमा रमापति पराजुलीका उच्च आर्दशता, वौदिकता, शालीनता जस्ता गुणहरुको भरपुर वर्णन गरेको पाइन्छ। सामाजिक, व्यावहारिक लगायतका उनले गरेका कार्यहरुको प्रशंसा यस पुस्तकमा भरपुर छ। 'रमापति पराजुली स्मृतिपुष्प' समाजका हरेक क्षेत्रको एउटा सिंगो र उदाहरणीय पुस्तक हो जसलाई जो कोहीले पनि अध्ययन गरेर अनुशरण गर्न सक्दछ। जस्तै सम्पादकीयमा भनिएको छ, 'यो स्मृतिपुष्प उज्याला व्यक्तित्व स्व. रमापति पराजुलीको उज्यालो भौतिक शरीर र त्यो शरीरले गरेका सुकिला कर्मको स्मृतिपुञ्ज हो।'

यस पुस्तकका प्रकाशन समितिका संरक्षिका स्व. रमापति पराजुलीकी जीवनसंगिनी दुर्गादेवी पराजुलीले आफ्नो प्रकाशकीय मन्तव्यमा भनेकी छन्, "मान्छे मरेर जान्छ तर, कृतित्वले उसलाई बचाउने छ। उहाँका शुभेच्छुकहरुद्वारा रचनामा अभिव्यक्त सुभावनाहरुले उहाँको आत्माले चिर शान्ति पाउँछ तथा नेपाली साहित्यको भण्डारले पनि एउटा अर्को नयाँ संग्रह पाउँछ। साथै रमापति पराजुलीज्यूको सूकृत्यहरु जान्न बुझ्न चाहनेहरुले आफूलाई चाहिएको जानकारी हासिल गर्ने अवसर पाएर सकारात्मक पक्षबाट अभिप्रेरित हुनेछन् भन्ने विश्वास लिएर सम्पादन प्रकाशन समितिले 'रमापति पराजुली स्मृतिपुष्प' प्रकाशनको निर्णय गरेको पाठक वर्गमा प्रष्ट पार्न चाहन्छु।"

यो पुस्तक रमापति पराजुलीका सहोदर र नजिकका नातेदारहरुको एउटा सम्पादन र प्रकाशन मण्डल गठन गरेर प्रकाशित भएको हो। यसको संरक्षकत्व स्वयं जीवन संगीनीले ग्रहण गरेको छ। यो पुस्तक सम्पादकीय र प्रकाशकीयपछि अरु चार खण्डमा विभाजित छ। जसको प्रथम खण्डमा रमापति पराजुलीको पारिवारिक स्मृति भनेर नजिकका व्यक्तित्वहरुको स्मृतिपुष्प लेख रचनाको रुपमा प्रस्तुत भएका छन्। पराजुली बन्धुहरुका स्मृति दोस्रो खण्डमा, शुभेच्छुकहरुका स्मृतिहरु तेस्रो खण्डमा र चौथो तथा अन्तिम खण्डमा विद्वत सहकर्मीहरुका स्मृतिहरु क्रमशः समेटिएका छन्।

यस पुस्तकमा भावनात्मक श्रद्धाञ्जलि अर्पण गर्नुहुने सबै सात जना छोरीहरुले आफ्ना पिताजीलाई वात्सल्यताका खानी, ममतामयी, मृदुभाषी, शालीन, समाजसेवी, साहित्यकार विद्वान लगायतका एक सफल व्यक्तित्वको धनीको रुपमा परिभाषित गरेका छन्। ममतामाथिको वात्सल्यता भरिपूर्ण उनीहरुले प्रकट गरेका छन्।

पुस्तकमा बाबु आमाको छोराछारीप्रतिको कर्तव्य पूर्ण रुपमा वर्णित छ। सबैसँगको मिलनसार व्यवहार, सबै छोरी मात्र हुँदा पनि झन् आपसी सम्बन्ध राम्रो भन्ने जीवन संगीनीको उद्गार वास्तवमा ज्यादै कम मान्छेमा हुने अद्वितीय व्यवहार हो भन्ने पनि देखाइएको छ। त्यस्तै पराजुली समाजका अध्यक्ष तथा यस पुस्तकका प्रमुख सम्पादक कुलप्रसाद पराजुलीले आफ्नो लेखमा सुयोग्य छोरीहरु तनुजा, अनुजा, निरज, तुलसा, दीपा, कृष्ण र लक्ष्मी पराजुलीका पिता तथा एकमात्र भाइ पशुपति पराजुली, बुहारी रोहिणी पराजुलीका अभिभावक शालीन व्यक्तित्व (पेज ७१) भनेका छन्। त्यस्तै आफ्नो संस्मरणमा पशुपति पराजुली 'सालघारी' ले स्व. रमापति पराजुलीका बारेमा यस्तो भनेका छन्, 'दाजु एक सफल प्रशासक, संस्कृतिविद, आध्यात्मिक, मृदुभाषी, साहित्यकार, समालोचक तथा एक आदर्श समाजसेवी हुनुहुन्थ्यो।'

समालोचकका तर्फबाट लोचन रिजालले आफ्नो श्रद्धाञ्जलिको भाषा यसरी व्यक्त गरेका छन्, "कुनै यस्तो व्यक्ति (रमापति) जो सदा हँसमुख, आत्मीय र मृदुभाषीलाई मनुष्यले मात्र हैन ईश्वरले पनि मन पराउँदा रहेछन्।" (पेज १२७)

यस पुस्तकभित्र ५६ जना व्यक्तित्वहरुको श्रद्धाञ्जली उद्गारका साथै उनका पुर्ख्यौली रचनाहरु, परिशिष्ठ, छाँया चित्रहरु, उनले प्राप्त गरेका पदकहरु, समवेदनाहरु, जन्म कुण्डलीहरु लगायत सम्पदकीय र प्रकाशकीयहरु समेत समेटिएका छन्।

पुष्पमालाले सजिएको पुस्तकको अग्रभागमा माथि रमापति पराजुलीको हंसमुख तस्बिर र पछाडिको भागमा श्रीमति दुर्गादेवी पराजुली तथा सवै छोरी ज्वाईंको तस्बिर रहेको कलात्मक गाता २ समेत जम्मा २७७ पेज रहेको यो पुस्तक २०७४ पुष महिनामा प्रकाशित गरी उनको वार्षिक पुण्यतिथिमा लोकार्पण गरिएको थियो।

**पुस्तक** : रमापति पराजुली स्मृतिपुष्प
**प्रकाशक** : रमापति पराजुली स्मृतिग्रन्थ तथा प्रकाशन समिति, काठमाडौं।
**सम्पादक** : कुल प्रसाद पराजुली
**व्यवस्थापक** : हेमन्त पराजुली, तुलसीप्रसाद पराजुली

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

# अमेरिकी राष्ट्रपति ट्रम्पको ताइवान कार्ड



विष्णु भट्टराई

ताइवानी राष्ट्रपति साई इंग-वेनलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वतन्त्र र सार्वभौम राष्ट्रको राष्ट्र प्रमुखको रुपमा अमेरिका भ्रमण गराएपछि अमेरिका चीनको कुटनीतिक सम्बन्धमै यसअघि कहिल्यै नभएको दरार उत्पन्न भएको छ। अमेरिका चीन लामो समयदेखि व्यापार युद्धको अवस्थामा छन्। चीन र अमेरिका दुवै एक अर्काको सामानमाथि कर बढाउने होडबाजी गरिरहेका छन। गत महिना सम्पन्न जी-२० शिखर सम्मेलनका क्रममा अमेरिकी राष्ट्रपति ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिन पिङबीच भएको वार्ताले दुवै देश पुनः व्यापार वार्ता गर्न सहमत भए पनि त्यसले अहिलेसम्म खासै प्रगति भएको देखाएको छैन। वार्ता प्रक्रिया सुचारु त भएको छ तर दुई देशबीच तत्कालै कुनै सम्झौता हुने सम्भावना कम नै छ। ट्रम्प प्रशासनले यही बेला चीनले आफ्नो अभिन्न अंग मान्दै आएको ताइवानलाई दुई अर्ब दुई करोड डलर बराबरको हतियार बिक्री गर्न स्वीकृति दिएर चीनलाई चिढ्याउने काम गरेको छ। ताइवानमाथिको चिनियाँ दाबीलाई ट्रम्प प्रशासनले नजरअन्दाज गर्दै हतियार खरिद गर्न दिएसँगै चीन अमेरिका सम्बन्ध इतिहासकै खराब मोडमा उभिएको छ।

### यस्तो छ वाइवानको इतिहास

ताइवान पूर्वी एसियामा रहेको एउटा द्विप हो। ताइवान द्विप आफ्नो आसपासका केही द्विपसहित चिनियाँ गणराज्यको एक अंग हो। आसपासका अन्य द्विपहरुको मुख्यालय ताइवान हो। ताइवान इतिहासमा अलग देश थिएन। चिनियाँ गणराज्यभित्रकै एक भूभाग थियो। यसको न अलग भाषा छ न संस्कृति। यहाँका बासिन्दा चीनको फ्युकियन र क्वांगतुंग प्रदेशबाट आएर बसेका चिनियाँहरुकै पुस्ता हुन्। भाषा चिनियाँ नै बोल्छन् संस्कृति चिनियाँ नै छ। ताइवानलाई जापानले आधा शताब्दीसम्म उपनिवेश बनाएको थियो। यही कारण ताइवानमा जापानी भाषाको पनि प्रभाव परेको छ। यद्यपि ताइवानको मुख्य भाषा भने चिनियाँ नै हो। चीनको प्राचीन इतिहासमा ताइवान भन्ने कुनै ठाउँको नाम नै उल्लेख भएको पाइँदैन। तर चीनमा तांग वंश (६१८-९०७) का समयमा चिनियाँहरु ताइवान पुगेको प्रामाणिक तथ्यले पुष्टि गर्छ।

कुब्लाइ खाँको शासनकाल (१२६०-१२९४) मा नजिक रहेको पेस्का फोर्डमा नागरिक शासनको व्यवस्था सुरुआत भएको थियो। जतिबेला चीनमा मिंग वंश (१३६८-१६४४) को शासन चलिरहेको थियो चीनबाट गएका र जापानबाट आएकाहरुले ताइवानको तटीय क्षेत्रमा आदिबासीलाई खेदाएर त्यहाँ आफ्नो आधिपत्य स्थापित गरे। चिनियाँहरु दक्षिण पश्चिम र जापानीहरु उत्तरी भेकमा बसे। साम्राज्य कायम गर्ने क्रम त्यसबेला जोडतोडका साथले चलेको थियो। सन् १५५७ मा पोर्चुगालीहरु ताइवान पुगे। डचहरुले १६२२ मा व्यापारिक अभिप्रायले पेस्का फोर्डमाथि आफ्नो प्रभुत्व जमाए। डचहरुसँग दुई वर्षपछि चीनले सन्धि गर्दै पेस्का फोर्ड द्विपमा आफ्नो अधिकार स्थापित गर्‍यो र ताइवानलाई व्यापारको केन्द्र बनायो। १७ औं शताब्दीमा चीनमा मिंग वंशको पतन भयो। त्यसपछि सुरु भयो चिंग वंशको शासन। सत्ताच्युत भएका मिंग वंशीय चेंग चेंग कुंगले सन् १६६१-६२ मा ताइवानमा रहेका डचहरुलाई हटाउँदै आफ्नो राज्य स्थापना गरे। चेंग चेंग कुंगका उत्तराधिकारी मांचुओले सन् १६८२ मा ताइवानको सम्पूर्ण भूभागमाथि आफ्नो आधिपत्य कायम गरे। ताइवान १८८३ देखि १८८६ सम्म फ्युकियन प्रदेशको प्रशासनमा रह्यो। १८८६ मा ताइवानले छुट्टै प्रदेशको मान्यता पायो। जब १८९५ मा चीन जापान युद्ध भयो त्यस युद्धले ताइवानलाई जापानको उपनिवेश बनायो।

ताइवानीहरुले जापानको उपनिवेशलाई स्वीकार गरेनन्। जापानी उपनिवेशविरुद्ध उनीहरुले संघर्ष चर्काए। यो संघर्ष जापानमुक्त ताइवानका लागि गरिएको थियो। दोस्रो विश्वयुद्धपछि कायरो र पोट्सडमको घोषणा (१९४५) अनुसार ताइवानमाथि चीनको अधिकार स्थापित भयो। जापानी साम्राज्यवाद विरुद्ध चिनियाँ मुक्ति सेना र च्याङकाइसेकको सेनाले संयुक्त प्रतिरोधी संघर्ष गरे। तर च्याङकाइसेक अमेरिका परस्त निस्किए। संयुक्त सरकारको प्रस्तावित कार्यक्रम सफल भएन। सन् १९२१ मा स्थापना भएको चिनियाँ कम्युनिस्ट पार्टीले सन् १९४७ मा आइपुग्दा जनयुद्धलाई निर्णायक मोडमा पुऱ्यायो। माओत्सेतुङको नेतृत्वको चिनियाँ जनयुद्धले १९४९ मा सामन्तवादी अमेरिका परस्त च्याङकाइसेकको शासनलाई समाप्त पार्‍यो। च्याङकाइसेकको कथित राष्ट्रवादी (नेसनलिस्ट) सरकारको पराजयपछि च्याङकाइसेक भागेर ताइवान पुगे। त्यहाँ उनले अमेरिकी सहयोगमा आफ्नो सत्ता स्थापना गरेको घोषणा गरे। सन् १९४९ अक्टोबर १ मा चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष एवं चिनियाँ जनयुद्धका प्राधिकार माओले जनवादी गणतन्त्र चीनको घोषणा गरे। यो घोषणासँगै चिनियाँ कम्युनिस्ट पार्टी र नेसनालिस्ट पार्टी कुमिन्ताङबीच चलेको वार कि पार जनयुद्धको छिनोफानो भयो।



माओको नेतृत्वमा चीनमा कम्युनिस्ट शासनको युग सुरु भयो। ताइवानमा बसेका भगौडा च्याङकाइसेकले चीनमा आफ्नो शासन पुनःस्थापित गर्ने षड्यन्त्र पटक पटक गरे पनि सफल भएन। यता अमेरिकाको प्रभावमा रहेको संयुक्त राष्ट्र संघले माओ नेतृत्वको चीनलाई सदस्यता दिएन। सन् १९७१ सम्म राष्ट्र संघ सुरक्षा परिषद्मा ताइवान रहेको थियो। तर छुट्टै राष्ट्र ताइवानको रुपमा होइन चीनकै प्रतिनिधित्व गरेको थियो ताइवानले। सन् १९७१ पछि मात्र ताइवानलाई हटाएर राष्ट्र संघीय सुरक्षा परिषद्को सदस्य भएको हो चीन। अमेरिकाले सन् १९७९ मा ताइवानसँगको सबै कूटनीतिक सम्बन्ध तोड्दै एक चीन नीतिलाई समर्थन गर्‍यो र ताइवानलाई चीनकै प्रान्तको रुपमा स्वीकार गर्‍यो। ताइवानलाई चीनले आफ्नै एक प्रान्तको रुपमा लिँदै आएको छ। ताइवानलाई स्वतन्त्र राष्ट्रको रुपमा अघि बढाउन खोजे सैनिक शक्ति प्रयोग गर्ने चेतावनी चीनले दिँदै आएको छ। विगत सात दशकदेखि ताइवानमा कुमिन्ताङ पार्टीको शासन चल्दै आएको छ। साई इंग वेनको डेमोक्रेटिक प्रोग्रेसिभ पार्टी सन् २०१६ मा पहिलो पटक सत्तामा आएको हो।

### साई इंग वेनको अमेरिका भ्रमण

चीनसँग कूटनीतिक सम्बन्ध राख्ने कुनै पनि देशले ताइवानसँग कुटनीतिक सम्बन्ध राख्न सक्दैन। ताइवान संयुक्त, राष्ट्र संघको सदस्य राष्ट्र होइन। जुन जुन देशले ताइवानसँग कुटनीतिक सम्बन्ध राखेका छन् त्यसलाई चीनले नकोर्दै आएको छ। कारण हो ताइवानलाई चीन आफ्नो प्रान्त मान्छ। चीन र अमेरिकाबीच कुटनीतिक सम्बन्ध छ तर ताइवानसँग छैन। कुटनीतिक सम्बन्ध नै नभएको ताइवानका राष्ट्रपतिलाई अमेरिका भ्रमणमा ट्रम्प प्रशासनले बोलाउनु गैर कूटनीतिक दुष्साहस हो र चीनको सम्प्रभुतालाई खिज्याउनु हो। अमेरिकाले ताइवानलाई १०८ एकाम ट्यांक २५० स्टिंगर मिसाइल र सम्बन्धित सामग्री बेच्दैछ। यसलाई पेन्टागनको रक्षा सुरक्षा सहयोग (डीएससिए) ले पुष्टि गरेको छ। चीनले गत महिनामै ताइवानलाई हतियार नबेच्न अमेरिकासँग आग्रह गरेको थियो। तर चिनियाँ अनुरोधका बाबजुद पनि अमेरिकाले ताइवानलाई हतियार बेच्ने निर्णय गरेको छ। चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गेंग सुवांगले अमेरिकी यस निर्णयलाई अत्यन्त हानिकारक र संवेदनशील निर्णय भन्दै एक चीन नीतिबारे अमेरिकालाई स्पष्ट हुन भनेका छन्।

- Review of Requirement of Fix Investment of Rs. 20 million for Foreign Direct Investment for IRIS Project, University of Maryland, USA (USAID Supported Project) (1995)
- Formulation of Three-Year Rolling Plan (1995-97) of Nepal for International Management Consultants Ltd. UK (1995)
- Urban Water Supply Reforms in Kathmandu Valley for Metcalf & Eddy, Inc. USA (1998)
- Support to the Review Team of Small Hydropower supported by gtz to Nepal (2001)
- Worked as team member for the preparation of Outcome Evaluation Report on the Institutional Capacities For Effective Poverty Monitoring And Pro-Poor Policy Design and Human Development Report of Nepal work done for UNDP ( 2005)

Worked as Trainer to the Professors of the Universities of Nepal teaching Human development. This work was done for UNDP(2005)

**EMPLOYER :**
**NEPAL PROJECT RESEARCH CENTER**
**Consultancy in the Following Area:**
- Assessment of Technical Assistance from Non-Governmental Organization to Nepal (1992)

**EMPLOYER :**
**NEPAL RED-CROSS SOCIETY**
**Worked as Institutional Expert on:**
- Institutional Development Study and Feasibility Study for Community Development Program of Nepal Red cross Society in Selected Areas of Myagdi District of Nepal (1998)
- Institutional Development Study and Feasibility Study for Community Development Program of Nepal Red cross Society in Selected Areas of Rasuwa District of Nepal (December 1999 – February 2000)
- Evaluation of the Community Development Program of CDP ( 2001), Nepal Red cross Society
- Preparation of Cooperation Agreement Strategy for Nepal Red cross Society( 2004)
- Preparation of Fifth Five year Plan Of Nepal Red cross Society of Kathmandu, Nepal (2008)
- Preparation of Operational Alliance Report for the Partnering Red cross Societies of other countries working in Nepal, Nepal Red Cross Society ,Kathmandu Nepal (2008)

**EMPLOYER :**
**NEPECON**
**Consultancy Done on :**
- The Feasibility Study of Dhungeshwar Gairitad Road (1994)

**EMPLOYER:**
**NO-FRILLS CONSULTANTS**
**Consultancy Work carried was:**
- USAID Sponsored Participant Training Impact Evaluation

**EMPLOYER :**
**RURAL RECONSTRUCTION NEPAL**
**Consultancy Work carried was:**
- CIDA/University of Calgary, Canada sponsored Project on Community health Development (1998)

**EMPLOYER :**
**SILT CONSULTANTS (P) LTD.**
**The Following Works were carried:**
- Feasibility Study of Khoronga Small hydropower Project (1995)
- Environment Impact Assessment of Kodkhu Drinking Water Supply Project (1994)
- Socio-Economic and Market Analysis of Kathmandu Natural Gas (1996)
- Consumer Survey Drinking Water Supply in Kathmandu Valley (Joint Venture with DRTC) (1997)
- Evaluation of Projects Financed by the German Technical Co-operation (GTZ) and the World Bank
- Impact Study of Sikles Micro Hydropower Project (1999)
- Economic and Financial Viability of Solar Dryer for Income Generation Opportunities in Urbanand Rural Nepal (1999)
- Feasibility of using National Currencies in SAARC Region (December 1999 – April 2000)
- The Study on the Infrastructure Development Project of Lumbini (Sept. 2000 – Mar. 2001)

**EMPLOYER:**
**SASCON**
**The Following Works were carried as Socio-Economist:**
- Cost Recovery Study for Operation and Maintenance of Completed Water Supply Project (1992)

**EMPLOYER: TRIBHUVAN UNIVERSITY AND ITS OTHER AGENCIES LIKE DEPARTMENTS OF ECONOMICS AND POPULATION STUDIES, CEDA, RECAST, CNAS**
**As a Consultant had carried the Following Works:**
- Saving and Investment in Nepal for National Planning Commission (1974)
- Evaluation of Public Enterprises (1978)
- Teaching of Introductory Economics in Nepal (1985)
- Skill Development and Inventory Survey of Some Selected of Nepal for the Department of Economics (1989)
- Economic History of Modern Nepal (1769-1962) for Center for Nepal and Asian Studies (1990)
- Demographic Behavior and Relation with the Utilization of Labor in the Sector on Nepal: A Case Study of Gokarna - Sundarijal Area of Kathmandu Valley (1990)
- Immigration in Nepal : Its Nature and Causes (1992)
- Foreign Trade System (1997)
- Macro-Economic Policies and Their Implications on Foreign Trade and Employment in Nepal (1997)

**II. PROFESSIONAL AFFILIATIONS**:
**President** Tribhuvan University Teachers' Association July 1971-July 1972
**Act. President** Nepal Economic Association 1973 - 1980.
**President** Nepal Society for Applied Economics – At Present
**Member** Population Association of Nepal 1991 - to date

**III. OTHER PROFESSIONAL ACTIVITIES**:
**Member**
Zonal Education and Finance Committee on Higher Education - Bagmati Zone 1971 - 1975
**Director**
Board of Directors of the Central Bank of Nepal known as Nepal Rastra Bank, First term (1979-1982); Second Term (February 2007 –February 2012)
Involved in the policy formulation and decision making process of the Central Bank of Nepal
Involved particularly in promoting development through development of banking activities
As Director, Nepal Rastra Bank, Central Bank of Nepal, (From Feb 2007 to To-Date) is responsible for:
- Team work in policy formulation in the monetary and banking,
- Facilitating internal audit as a coordinator of Internal Audit Committee
- Involved in the negotiating committee of the board with the trade unions of NRB
- Involved in the improvement of Public Debt management in NRB

**Director/Promoter**
Nepal Finance and Savings Co. First Finance Co. of Nepal 1992 Aug. -1993 Sept.
**Team Leader**
Task Force on Liberalization of Nepal's Trade, Ministry of Commerce, HMG/N March 1992 - July 1992
**Technical Advisor**
Kodkhu Drinking Water Project Nepal Water Supply Corporation, Kathmandu.
**Team Leader**
- Eight Plan (1992 - 1997) of Nepal Mid-term Review Team.
**Co-ordinator**
-ThreeYear Rolling Plan, Mid June to September (1995),
**Chairman**
-National Labor Academy (NLA), Nepal (February 2000 to September 26, 2003)
NLA is a non-partisan, non-profit making and secular non governmental organization.
**Member, Pay Commission** Worked as Member cum Expert in High Level Pay Commission constituted by the government of Nepal, for recommending an appropriate pay structure of the civil servants of Nepal (October 2004 to January 2005)
**Member Selection**
**Committees :** Worked as Member secretary Tribhuvan University Service Commission from December 1986 to Octoben 1989).
Worked as member selection Committee, Nepal Rastra Bank
Was involved in the selection of Country Director ITDG, Nepal a British INGO working in Nepal
**Advisor**
Sapta Gandaki Multipurpose Cooperative Ltd. Kathmandu Nepal (January, 2002 to February 22, 2007; 2012 to date
**Director**
Nepal Rastra Bank, Board of Directors (Central Bank of Nepal). First term (1979-1982); Second Term (February 2007 –February 2012)
More focus on macroeconomic policy formulation and decision making process of the Central Bank of Nepal. Appointed as the Chairman of Audit Committee of NRB and is responsible for implementing the scope of work given to the Committee to improve the financial management system of the Central Bank and to minimize risk by formulating an appropriate mechanism of internal auditing system in Rastra Bank. Involved in the management of Public debt and foreign exchange holding of the country.

**C. NGO Affiliations and Works**
**Life Member**
Managing Committee of a Leprosarium located in Kathmandu June 1985 -July 1986. Prepared a socio-economic data base for the first time of 400 patients and their family members (1800). Based on these data and the changing concept of leprosarium helped to develop a five year program to rehabilitate the patients and their family members in the society, by training them in different skills.
**Member Secretary**
Nepal Leprosy Relief Association August 1986 - Sept. 1990 Kathmandu. Currently is also working as executive member of the Association. During the period also took the responsibility of Deputy Secretary General. The major responsibilities were: management of leprosarium, bringing awareness among the patients to integrate in the society,rehabilitation of the patients by constructing low cost houses and preparation of Plan of Action for the mobilization of donors fund. Adventist International provided Rs. 50 million for the rehabilitation program.
**Life Member**
Nepal Red Cross Society - June 1998
**Member**
Executive Committee Nepal Children's Organization, Kathmandu Nov. 1988 - Nov. 1991. As a member he was in the following activities.
**Member**
Nutritious food Management Committee Kathmandu: A NGO managing food support from World Food Program (WFP) UN (April 1991-Nov.1991).
**Responsibilities as a Rotarian** Charter Member Rotary Club of Dillibazar 1999-00
- Club Member Secretary 2003-04
- Vice President of the Club 2004-05
- President Elect of the Club 2005-06
- President of the Club 2006-07
- Chairperson District Population Committee 2007-08
- Coordinator, District Literacy Group 2008-09
- Assistant Governor, District 3292 2009-10 and 2010-11
- Coordinator TEACH Program RC District 3292 2015 to date

**D. Editorial Works: Worked as editor in various journals of Economics and social sciences.**

**E. PARTICIPATION IN SEMINAR AND TRAINING**
Participated in many national, regional and international seminars and workshops, and has presented more than 40 papers.

**PUBLICATIONS AND RESEARCH OUTPUT:**

**A. ARTICLES :** Published about 130 articles in several journals, magazines; in national daily and weekly, newspapers on issues of development.

**B. RESEARCH AND PROJECT WORKS:**

1967 The Role of Foreign Trade in the Economic Development of Developing Countries with Special Reference to Nepal (in Russian), Moscow: Moscow State University. It is a research monograph, prepared from Ph.D. Thesis of the researcher.

1974 Savings and Investment in Nepal (Report) NPC, Kathmandu, worked as Team Leader. The project was conducted for National Planning Commission to estimate Savings and Investment of (inclusive of urban areas like Kathmandu and Biratnagar) Government, Private and Household Sector. Sample Survey of approximately 1600 household was carried in six districts of Nepal, to estimate domestic savings in Nepal

1977 Foreign Trade in Nepal (Monograph Prepared for the Government of Japan), Pokhara. A monograph prepared to see the macro economic implications of foreign trade in Nepalese Economy.

1978 Evaluation of the Working of the Public Enterprises in Nepal, (Team Member) CEDA. This study was carried, with the assistance of HMG/N Ministry of Finance, to see the possibilities for strengthening the management of Public Enterprises and to suggest measures for private sector participation in such enterprises.

1982 Expenditure Analysis of Rasuwa/Nuwakot Integrated Rural Development Program, An Evaluation Study Carried for the World Bank, by Development Research and Communication Group, Kathmandu. Worked as economist and financial analyst to assess the sectoral allocation of funds, and the expenditure pattern, both at program and project levels. Utilization of fund at the project level was another component of the study. The study was based on extensive field study of Rasuwa and Nuwakot districts.

1983 Objectives Policies, Organizational Structure of the Ministry of Commerce and Supplies of HMG/Nepal, (Team Member) A Policy Research Carried for the Ministry of Commerce and Supplies, by Development Research and Communication Group, Kathmandu.

1983 Migration in Nepal, (Team Member) A Research Project Carried for National Commission on Population/ HMG/N

1985 Effectiveness of Agricultural Graduate and Research Level Manpower in Nepal, A Research Project Carried for Agricultural Development Council. Worked as Team Leader to conduct the study based on a detail case studies of 14 graduates who have work experience of more than a decade. Generalization on the effective utilization of the knowledge of graduates was based on a comparative analysis between the inputs received and the activities performed by them during their work period.

1985 Rural Poverty in Nepal: A Case Study of Panchthar District (Consultant), A Research Work Carried for Agricultural Development Council, Nepal. This study has tried to find out the level of poverty existing in a mountain district of Nepal, ADC, Kathmandu

1985 Teaching of Introductory Economics in Nepal, Problems and Alternatives, Study Carried for Tribhuvan University, Nepal.

1986 Salleri Chialsa Small Hydel Project: State of Experience Study Report Switzerlan ged irrigation system, Sohra-Chhatis Mauja of Rupandehi district was also studied to get lessons on community management in Nepal.

1986 The Organization, Management and Tariff Structure of the Salleri-Chialsa Small Hydel Project (Member), Study Commissioned By Federal Government of Switzerland, Directorate for Development Co-operation and Humanitarian Aid (DEC), Berne, Switzerland,
This study was carried to develop an appropriate approach for mobilizing the beneficiaries of micro Hydel plant of Salleri in the management of the plant so that the operation and maintenance cost of the plant be met with the tariff structure imposed by the beneficiaries' own system of management. A separate tariff rate different from Nepal Electricity Authority (NEA) was imposed, with the participation of the beneficiaries.

1986 Election in Nepal: A Case Study of 1986 National Panchayat- Election, Kathmandu: Department of Economics, Tribhuvan University. Worked as Team Leader to carry this politico-economic study, by mobilizing 15 teachers from the Department of Economics and Political Science, basing on the field data of 15 districts of Nepal.

1986 Foreign Exchange Policy of Nepal, A Study Carried for the Ministry of Finance, HMG/Nepal, Kathmandu. Worked as Team Leader to assess the working of fixed exchange rate mechanism and to suggest methods of effective management of foreign exchange in Nepal.

1987 Socio-economic studies of Salleri-Chialsa Small Hydro Power Project Area ITECO Kathmandu/Affoltern. Worked as Team Leader.:

1987 USAID Sponsored Participant Training Impact Evaluation, Kathmandu: No-Frills Consultants. Worked as Team Leader to carry out a survey of the participants, working in different parts of Nepal. A computerized database of each sampled participant was prepared, to analyze the impact of participant training in the development of different sectors of Nepalese economy.

1989 Skill Development and Inventory Survey of Some Selected Districts of Nepal, Central Department of Economics, Tribhuvan University, Kathmandu. Worked as Team Member to provide inputs to select skills in Terai, and hill districts of Nepal, to develop methodology of the study and to analyze the survey results.

1989 The Use of Applied Science Research Results in Small Scale Business Enterprises, Kathmandu: National Council for Science and Technology. Worked as Team Leader and provided inputs in survey and in designing the methodology of the study. The study has tried to assess the linkage between the research results of applied science and the behavior and needs of the business community to use them.

1990 Economic Liberalization Efforts in Nepal: A Review (Nepali), Kathmandu: Development Research and Training Center (DRTC). It is a monograph.

1990 Economic History of Modern Nepal (1769-1962) (in Nepali), Kathmandu: Center for Nepal and Asian Studies. Worked as Team Leader to carry this longitudinal study with a duration of four years (1985-1990). This comprehensive study was undertaken to find out the genesis of economic behavior of Nepalese society. This study is published in a book form with 500 more pages in 1997.

1990 Demographic Behavior and Relationship with the Utilization of Labor in the Household Sector of Nepal: A Case Study of Gokarna-Sundarijal Area of Kathmandu Valley, Kathmandu: Central Department of Population Studies, Tribhuvan University. Worked as Team Leader.

1990 Resource Management and Labor Utilization at Micro Level in the Rural Setting of Nepal: A Case Study of Gokarna-Sundarijal Area of Kathmandu Valley, (Oct. 1990- March 1991), Kathmandu: Tarapad Chaudhary Trust, Central Department of Economics, Tribhuvan University. Worked as Team Leader.

1991 Population Dynamics in Nepal, (A Study Carried for UNFPA Kathmandu) Kathmandu: UNFPA. Research Monograph prepared on database and system on population of Nepal. This acted as an input to the Project Review Team of UNFPA office New York to design future plan of action needed for Nepal in the field of population.

1991 Small Town and Rural Human Resources Development to Reduce Migration To Large Cities : Country Study of Nepal: A Study Carried for Population Division, ESCAP Bangkok, Kathmandu. Worked as Team Member, to carry, study on socio-economic aspects of rural urban migration and its implications on designated cities (municipalities), and newly developing urban centers of Nepal.

1991 Mobilization of Domestic Savings in Nepal (February - April, 1991): A Study Carried for Development Planning Division, ESCAP Kathmandu.

1992 Cost Recovery Study For Operation and Maintenance of Completed Water Supply Project (A Study Carried for WHO/DWSS, Nepal, January - March, 1992) Kathmandu: SASCON. Worked as Socio-economist to carry financial analysis.
Economic and financial analysis of completed drinking water projects in rural areas. Case studies of 23 completed projects from all the five development regions were carried to identify the status of operation and maintenance system to find out the willingness to pay and to identify affordability criteria for the operation and maintenance of rural drinking water project.

1992 Emigration in Nepal: Its Nature and Causes, Kathmandu: Central Department of Population Studies, Tribhuvan University. Worked as Team Leader to complete the study.

1992 Liberalization of Nepal's Foreign Trade, (Nepali) Kathmandu: Ministry of Commerce HMG/N. Worked as Team Leader. This study has analyzed the approach to be taken in liberalizing foreign trade in the context of liberal economic policy adopted by HMG/N.

1992 Assessment of Technical Assistance from Non-Governmental Organization to Nepal (A Study Carried for UNDP/NPC Nepal, April - July, 1992) Kathmandu: Nepal Projects Research Center. Worked as Economist, to evaluate the technical assistance provided by International Non-governmental Organization (INGOs) NGOs of Nepal. This is a thematic study, where activity analysis of INGOs and Nepalese Non-governmental Organizations (INGOs) was done to identify the impact of INGOs on the activities of INGOs.

1993 Study on New and Renewable Energy Sources (NRCS) in Nepal, Nov. 1992 - April 1993 (A Study Carried for UNDP Nepal) Kathmandu: ITECO Nepal. Worked as Team Leader cum Socio-economist to organize the study and to carry socio-economic analysis. This is a comprehensive study on New and Renewable Energy Sources (NRES) with an emphasis on interfuel substitution. A detail survey of NRES instruments with a sample survey of 263 household in the study area of Western and Central Nepal, was carried to see the pattern of energy use and interfuel substitution. The study has also tried to develop an appropriate mechanism to promote NRES sources in Nepal.

1993 Study on Economic Viability of Micro Hydro Power in Nepal, (May 1993-Oct. 1993) A Study Carried for UNDP/Nepal, Kathmandu: WECS, Nepal. Worked as team member to study the socio-economic and management aspects of Micro hydro power plants in Nepal. This is an in-depth study on micro hydro power plants, with an emphasis on making them economically viable, through their improvements in technical as well financial and managerial aspects. This study endeavored to develop a database on micro hydro plants, and has carried an in-depth study of four cases to complement the information collected from secondary and documentary sources.

1994 Feasibility Study of Dhungeshwar Gairitad Road (Jan. 1994-April 1994) (A study carried for Department of Roads By Nepicon.

1994 Drinking Water Projects of Eastern Development Region of Nepal (Nov. 1993-May 1996) Kathmandu: CEMAT working as Financial Analyst of 48 Drinking water sub project covering numerous schemes. This is a part of Asian Development bank funded Third Rural Water Supply Project (1993-1997) with a mandate for the involvement of users group in the operation and maintenance of the drinking water supply scheme under each sub-project to be operated covering one or more than one village Development Committee. Involved in assessing and finalizing each socio-economic survey report, and in doing financial analysis of each scheme to find-out the affordability of the beneficiaries, for paying the tariff. Furthermore, financial analysis is also to be carried, after the completion of detailed design of each scheme within a sub-project.

1994 Feasibility Study of Khoranga Small Hydro Power Project (February 1994-July 1994) (A Study carried for Small Hydro Power Department, Nepal Electricity Authority (NEA) Kathmandu: SILT Consultants (P) Ltd. worked as socio-economist and financial analyst, to organize and direct socio-economic and energy use household survey of the Proposed Project, covering eight load centers-village Development Committees, of Tehrathum, district of Nepal, to forecast Power Load and to carryout economic analysis of the project. Furthermore, the economic feasibility of connecting the plant with the national grid has also been carried.

1994 Environmental Impact Assessment of Kodkhu Drinking Water Supply Project (August 1994 - September 1994). A study carried for NWSC, Nepal. Worked as socio-economist, from SILT Consultants (P) Ltd. to carry socio economic survey of the affected households and the residents of catchment area. Helped in the preparation of the resettlement and compensation action plan, for the affected people. Developed socio economic programs for the resettlers.

1995 Mid Term Review of the Eight Plan (1992-1997) of Nepal mid-January to mid-April 1995. A study carried for the National Planning Commission of Nepal. Worked as the Team leader to review the financial and physical achievements made during the first 2 and half years of the Eighth Plan of Nepal. The review was made at the macro and sectoral levels based on the findings. Suggestions were made to the National Planning Commission to improve both at the policy and program levels.

1995 Formulation of Three Year Rolling Plan (1994/95 - 1996/97) Mid-June to September 1995 - A study carried for the National Planning Commission of Nepal worked as the Team Leader to review the budgetary allocation, revenue generation, internal borrowing and external debt of HMG. Data base of all the components of Budget of HMG/N was established in the National Planning Commission. Based as the computed based data three year rolling plan structure was prepared for scrutinizing and prioritizing the projects both by the Ministry and the National Planning Commission. Indicators needed for prioritization were developed.

1995 Review of Requirements of fixed investment of Rs 20 million for Foreign Direct Investment - July - September (1995). A study carried for IRIS Nepal office, to review the requirements of fixed investment of Rs 20 million for foreign direct investment. The findings of this study acted as a background material to amend this clause of Foreign Investment Act. by the Parliament.

1996 Household Survey on Migration Employment and Birth Death and Contraceptive Prevalence Survey. September 1995 to February 1996. A survey carried for National Planning Commission by the Central Department of Population Studies, Tribhuvan University. Acted as Team Leader of Employment Survey, which was carried in 20 thousand households of 600 Wards of VDC and Municipalities.

1996 Socio Economic and Market Analysis of Kathmandu Natural Gas Mid-

**Continued page 6**

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-८



खोमदत्त बराल

प्रशस्त सहयोगका बुदाहरु प्रस्तुत गर्दछ। कोहि वा त कोही चाहिन्छ। थाहा छ । नया ठाउँमा पैसाको नै सहयोग हुन्छ। त्यहि अटोवालाले होटल पुऱ्यायो गएर सामान राखेर नुहाए पछि बाहिर जान तयार भइयो । मथुराको बंशीवाला धाम गेष्ट हाउसमा बस्ने ब्यबस्था मिलाइयो । कौशिक प्लाजको धौली प्याउ भन्ने मथुराको सहरको मध्य भागमा बास ब्यबस्था भयो । बंगाल कलकत्ता बाट आएको एउटा बंगाली भाइको टेम्पोले रेल स्टेसनबाट गेष्ट हाउससम्म पुऱ्यायो । तर यसको आफ्नै इच्छा छ । गोकुल र बृनदावन घुमाउने र मथुराका पनि मन्दिर घुमाउँन पाउँने कुरामा बिश्वास छ । हामिले पनि कसैलाइ साथ त लिनै पर्छ । कतिमा घुमाउने त भन्ने कुरामा गोकुल मथुराबाट अठाह्र किलोमिटर टाढा छ। उहाँबाट आएर बृन्दाबन पनि झन्डै उत्ती नै छ। यति बेला २ बजेको छ । यहाँ बाट नौ बजे मात्र घुम्ने काम सकिने भएकाले आठ सय रुपैया माग्यो । उसको दाबी अनुसारको बिषय ठिक भएमा त्यति ठिकै होला । धेरै भए पनि घटाउँने कति त । पाँच सय भनियो । बार्गेन गर्दा गर्दा छ सयमा मिल्यो । ल ल साडे छ सय भन्दै हिड्न तयार भयो। गइयो। गोकुल यमुना नदि पार गरियो । उसले भने झैं त्यति टाढा होइन। आठ नौं किलोमिटर चाहिँ थियो होला । घुमायो । गल्ली गल्ली घुमाएर कृष्णजीलाई भुलाउने ठाउँमा पुऱ्यायो। कृष्णजीलाई पर्दा लगाएर राखेको रहेछ। एक जना ब्राहमण बाजे अलि उच्च ठाउँमा बिराजमान् छन् । कथा बाचन सुरु गरे । धेरै कुरा सम्झाए । आमा बुवाको र बाजेको नाम भन्न लगायो । भूइमा बस्न लगाएर यस ठाउँमा बसेर बोले पछि त्यो उल्लंघन गर्न मिल्दैन भन्दै लाख रुपैया खर्च गरेर ब्राहमण लाई भोजन गराए यो धर्म हुन्छ बैकुन्ठ बास हुन्छ , यति खर्च गरेमा यो पुन्य हुन्छ भन्दै आखिरमा एकाउन्न रुपैया सम्म मागेका थिए । कृष्णजीले यहाँ जन्म लिए पनि बास भने हाम्रा गाउँमा पनि बसेका छन् । उहि गएर ब्राहमण भोजन गराउँछु । गाउँका ब्राहमणलाई उनीहरुलाई भोजन गराएमा उनिहरु खुशी हुन्छन् । गाउँ छिमेकमका इष्टमित्र खुशी भए कृष्णजी उसै खुशी हुन्छन् भनेर एक छिन कृष्णजीको कोको हललाइयो । ती पंडितहरुलाई केही रुपैया दिएर हिडियो । यहाँ सबै मानिसहरु ठग त नभनौं होला । यस्ता ड्राइभरहरुले यात्रुलाइ होटलमा पुऱ्याए पनि कमिसन पाउँने ट्रिप पाउँने केनै ढावामा भोजनालयमा होटल या रेष्टुरेन्टमा पनि पैसा पाउँने । कुनै खरिद बिक्राका खादी पसल या साडी पसल सुटिङ्ग सटिङ्गमा पुऱ्याउँदा पनि कमिसन ट्रिप पाउँने । यी आदि इत्यादि कारणले बजारका सामान्य खाद्यानको मूल्य बढ्ने । यी सबै त तत्कालमा यात्रु या बेहोर्नु परे पनि पछि बढेको भाउ त स्थानीय उपभोक्तले नै बेहोर्नु पर्छ। यो क्रम र प्रबृत्तिले धनीलाई अझ धनि हुन सघाउ पुऱ्याउँछ भने गरीब उपभोक्ता आर्थिक रुपमा कम शक्तिमा ह्रास आउँछ, टिक्न गाह्रो पर्छ । नयाँ दिल्ली देखि मथुरा सम्मको यात्रामा कहि कतै खेती बाली देखिएन । हुनत यो समय हराभरा हुने समय होइन । पानीको ब्यबस्था नभएर नै होला कुनै बाली लगाएको छैन । गहूँ जौं बाली या दलहनको पनी बालि देखिएन र पानीको ब्यबस्था पनि देखिएन । बजार महँगो । सानो गिलासमा खाएको उखुको रसलाई पनि पाँच रुपैया तिर्नु पऱ्यो । केरा किनेर खाने बिचारमा यहाँ दर्जनको भाउमा होइन । तीस रुपैया किलोमा पन्ध्र रुपैयाँको चारवटा केरा खाइयो । मथुरामा दूध दही सस्तो हुन्छ भन्ने हल्ला पनि थियो । तर एक प्लेट दहिलाई तीस रुपैया तिरियो । महंगो नै भन्नु पर्छ । पातला रोटिलाई पाँच रुपैया नै पऱ्यो । यहाँ आग्रामा एक प्लेट मिक्स भेजिटेबल तरकारीलाई असी रुपैया निश्चय पनि निकै महंगो मान्नु पर्छ। काठमाण्डौंमा यस्तो मिक्स भेजको तीस या चालिस रुपैया भन्दा माथि पर्दैन ।

एक जना पाठकले आफ्नो यात्रा संस्मरण सम्बन्ध प्रतिकृयामा उल्लेख गरेको पढ्न अबसर मिलेको थियो । यहाँ गइयो । यो खाइयो मिठो लागेन, यति पऱ्यो । यो बोरिङ्ग सहित सायद राय ठिकै होला । यात्रा संस्मरण बिबरण मात्र होइन । त्यस क्षेत्रको सामाजीक वाताबरणको सशक्त चित्रण पनि हो। बीबेकीय अनुभूतीको सशक्त अभित्तयक्ति जस्तो लाग्छ । वास्तबमा खाइ खान्की दाल स्वाद र प्रकार पैकृतिको बिबरण निस्चय पनि रुखो र दिकदार लाग्दो र रसबिहिन उखुको खोष्टा चपाए झै लाग्छ । *क्रमशः*

## राजस्व...

लागि ८ खर्ब ४५ अर्ब ४४ करोड रुपैयाँ विनियोजन भएकोमा ७ खर्ब १४ अर्ब ९७ करोड रुपैयाँ अर्थात् ८४.५६ प्रतिशत मात्र बजेट खर्च भएको छ । सरकारले मध्यावधि बजेट समीक्षाबाट ११ खर्ब ९९ अर्ब रुपैयाँ खर्च हुने लक्ष्य राखेकोमा त्यसभन्दा पनि करिब ९ प्रतिशत कम मात्र बजेट खर्च गर्न सक्यो । गत वर्षको सुरु बजेट १३ खर्ब १५ अर्बमध्ये अन्तिम खर्च १० खर्ब ९४ अर्ब मात्र रहेको थियो ।

महालेखा नियन्त्रकको कार्यालयको विवरण अनुसार गत आर्थिक वर्षमा ८ खर्ब ३१ अर्ब ३१ करोड रुपैयाँ राजस्व उठाउने लक्ष्य राखिएकोमा असार मसान्तको मध्यरातीसम्म संकलन गर्दा पनि जम्मा ७ खर्ब २६ अर्ब ९६ करोड रुपैयाँ मात्र राजस्व उठेको छ। यो सुरु लक्ष्यको ८७.४५ प्रतिशत मात्रै हो भने अघिल्लो आर्थिक वर्षको हाराहारीको मात्र असुली हो । सरकार राजस्व असुली र राजस्व परिचालन दुवैमा असफल देखिएको छ ।

## सहिद...

इ. भोला उपाध्याय, बलराम गौतम, सिद्धि महर्जन, प्रधुम्नलाल श्रेष्ठ, इन्द्रबहादुर शाक्य, विनोद आचार्य, शंकर मघैया आदिले उक्त श्रद्धाञ्जली कार्यक्रममा बोल्नुभएको थियो । सहिद स्मारक समितिको स्थापना भएको ४९ वर्ष पुगेको स्मरण गर्दै देश र जनताको पक्षमा निरन्तर कार्यक्रम गर्दै आइरहेको चर्चा गर्दै सचिव रामकृष्ण हाडाले स्वागत मनतव्य राख्नु भएको थियो । सो कार्यक्रम हरिभक्त श्रेष्ठले संचालन गर्नु भएको थियो ।

वक्ताहरूले राष्ट्रिय सहिदहरूको चर्चा गर्दा सहिद चिनियाँ लाल सिंहलाई विर्सनु हुन्न किनकी सहिदहरूलाई जोड्ने र त्यो बेलाको अँध्यारो युगलाई उज्यालोतर्फ मोड्न आफ्नै घरमा महावीर इन्ष्टिच्यूट शैक्षिक संस्था खोलेर जनतामा जागरण फैलाउने सपूत हुन भन्ने बारे प्रकाश पार्नु भएको थियो ।

## यता ओली...

संकलन अभियान सुरु गरिएको हो । ठूला परियोजनामा नागरिकको सहभागिता होस् भन्ने मान्यताको विकासका लागि पनि त्यस्तो अभ्यास गरिएको हो । जनताको विकास, निर्माणको चाहना र राष्ट्रिय आवश्यकता परिपूर्तिका लागि नागरिकलाई नै विकास निर्माणका काममा प्रत्यक्ष सहभागिता गराउन लागिएको हो- प्रधानन्यायाधीश निसारलाई उद्धृत गर्दै पाकिस्तानी स ञ्चार माध्यमहरुले जनाएका छन् । चन्दा उठाएरै आयोजना निर्माण गर्न लागेको पाकिस्तान पहिलो देश भने होइन । यसअघि इथियोपियाले पनि चन्दा जस्तै गरी आर्थिक सहयोग संकलन गरेर केही मझौला परियोजना अघि बढाएको थियो । सन् १९९१ मा इथियोपियाले राजनीतिक स्थिरता प्राप्त गऱ्यो, प्रजातान्त्रिक शासन व्यवस्था सुरु भयो र आर्थिक र पूर्वाधार विकासमा छलाङ माऱ्यो । नेपालसँगै लोकतान्त्रिक अभ्यास थालेको इथियोपियाको आर्थिक वृद्धिदर १० प्रतिशत हाराहारीमा छ। सन् २००८ मा नेपाल र इथियोपियाको विद्युत उत्पादन ६०० मेगावाट जतिमात्रै थियो । नेपालको इथियोपियाले आफ्नै लगानीमा ६ हजार मेगावटको विद्युत आयोजना निर्माण पूरा गरेको छ । ग्र्यान्ड इथियोपिन रेनेसा ड्याम अफ्रिका महाद्विपकै सबभन्दा ठूलो विद्युत् आयोजना हो । यसको लागत ४.६ विलियन अमेरिकी डलर रहेको छ। अब इथियोपियाको विद्युत उत्पादन १० हजार मेगावाट पुगेको छ । जबकि नेपालको विद्युत उत्पादन ८०० मेगावाट हाराहारीमा मात्र छ ।

इथियोपिया अति कम विकसित मुलुकबाट विकासशील मुलुकमा उक्लिएको छ । यसले टेलिफोन कलमा आर्थिक संकलन अभियान सुरु गरेको थियो । तर पाकिस्तानले भने देशभित्रै १२ दशमलव ४ अर्ब डलर जुटाउने अभियान चलाइरहेको छ। यो रकम नेपाली मुद्रामा परिवर्तन गर्दा १२ खर्ब ४० अर्बभन्दा बढी हुन जान्छ। पाकिस्तानमा दुई बाँध बनाउन त्यहाँका प्रधानमन्त्री खानले अभियान थालेको र त्यसका लागि धमाधम पैसा संकलन हुन थालेको त्यहाँका सञ्चारमाध्यमहरुले जनाएका छन् । उत्तरी पाकिस्तानमा ४५ सय मेगावाट क्षमताको दायमर बासा बाँध र अर्को ८ सय मेगावाट क्षमताको मोहम्मद बाँध निर्माण गरिनेछ। करिब ३० हजार करोड रुपैयाँ लागतमा मोहम्मद बाँधको काम सन् २०१२ देखि जारी छ । तर आर्थिक अनियमितता र भ्रष्टाचारका कारण आयोजनाको काममा सोचे जति प्रगति हुन सकेको छैन । सवा लाख करोड रुपैयाँ लागत रहने ठानिएको दायमर वासाको काम लगानीको अभावमा हालसम्म सुरु हुन सकेको छैन । पाकिस्तानका आर्थिक मामिलाका जानकार खर्म हुसैनका अनुसार सरकारले नै परियोजना जिम्मा लिएकाले चन्दा अभियान सफलताको दिशामा अघि बढेको छ । बाँध बनाउन धेरै पैसा आवश्यकता पर्ने भएपछि तीव्र गतिमा अभियान थालिएको हो ।

उनले चन्दा उठाएर परियोजना अगाडि बढाउने विषय महत्वपूर्ण भए पनि पैसा जम्मा पार्न सरकारले अन्य विकल्प पनि खोज्नुपर्ने बताए । पैसा जम्मा गर्नका लागि अन्य नयाँ विकल्पमा पनि ध्यान दिन आवश्यक छ । खुर्म भन्छन्- नागरिकलाई नै विश्वासमा लिएर लगानीका लागि आग्रह गर्नु असाध्यै ठूलो काम हो । तर यसले मात्रै सबै रकम नजुट्न सक्छ । अन्तर्राष्ट्रिय दातृ संगठनसँग पनि सम्पर्कमा रहन र उनीहरुलाई लगानीका लागि आग्रह गर्न सकिन्छ ।' स्टेट बैंक अफ पाकिस्तानमा सुप्रिम कोर्ट अफ पाकिस्तान डायमर बासा र मोहन्द ड्याम फन्ड खाता खोलिएको छ । यो खातामा गत अक्टोबर महिनामै चार अर्ब ५८ करोड ७१ लख बढी रकम जम्मा भइसकेको थियो । पाकिस्तानका अधिकांश सञ्चारमाध्यम प्रधानमन्त्री इमरानको पछिल्लो प्रयासलाई सकारात्मक भन्दै समाचार सम्प्रेषण गरेका छन् । विशाल बाँध बनाउन सरकारसँग पैसा अभाव भएपछि खानले चन्दा अभियान थालेका हुन् । यो महत्वपूर्ण अभियान हो, यसलाई सहयोग गरौं भन्दै पाकिस्तानी नागरिकले खुसी व्यक्त गरेका छन् । ती ठूला परियोजनाका लागि पाकिस्तानका प्रधानन्यायाधीश साकिब निसारले प्रधानमन्त्री खानलाई सहयोग गर्नुपर्ने बताउँदै अभियानको नेतृत्वमा रहेर काम गरिरहेका छन् । सो अभियानलाई प्रधानमन्त्री प्रधानन्यायाधीश कोष नाम दिइएको छ। उनले दुई बाँध बनाउने यो प्रयासमा सबैले सहयोग गर्नुपर्ने र अभियानविरुद्ध गए कारबाहीको भागिदार बन्नुपर्ने चेतावनी समेत दिएका छन् ।

यी दुई ठूला बाँध बनाउनका लागि पाकिस्तानको सेनाले पनि ठूलो सहयोग गरेको छ। पाकिस्तानी सेना प्रमुख कमर जावेद बाजवाले १ सय करोड पाकिस्तानी मुद्राको चेक हस्तान्तरण गरिसकेका छन् । पाकिस्तानी सरकारसँग सो बाँध बनाउनका लागि १ सय ४३ करोड पाकिस्तानी मुद्रा मात्र रहेकाले पनि चन्दा उठाउनुपरेको हो । चन्दा उठाएर नै ठूला आयोजना निर्माण गर्ने सरकारको कदमलाई सहयोग गर्न सरकारले आफ्ना सबै संयन्त्र परिचालन गरेको छ । राष्ट्रिय अभियानलाई पूरा गर्न सबैको सकारात्मक साथ र सहयोग रहनुपर्ने पाकिस्तानी सेनाको भनाइ समेत बाहिर आएको छ । खान सरकारप्रति सेना पूर्ण रुपमा बफादार मात्र छैन सेनाले नै चन्दा अभियानलाई महत्वपूर्ण सहयोग गरिरहेको छ ।

पाकिस्तानी प्रधानन्यायाधीश निसारले दैनिक रकम जम्मा हुने क्रम बढिरहेको र त्यसले आफूलाई उत्साहित बनाएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमलाई जानकारी दिएका छन् । रकम दिनदिनै बढिरहेको छ । धेरै नागरिक उत्साहित भएका छन् । सरकारले लिएको चन्दाको समेत रेकर्ड राखिएको छ । कुन स्थानबाट कसले कति चन्दा दियो भनेर पारदर्शी रुपमा सार्वजनिक गरिएको छ । यसले सरकारप्रति नागरिकको विश्वास समेत बढ्दै गएको छ । प्रधानमन्त्री इमरान खानले देश तथा विदेशका पाकिस्तानी नागरिकसँग चन्दाका लागि लामो अपिल गरेका छन् । उनको अपिलमा हामीले हाम्रा लागि गरौं, आफ्नो क्षमतामा गरौं र आफूलाई विश्वास गरौं भन्ने विषयलाई प्राथमिकतामा राखिएको छ । चन्दा संकलनका लागि पाकिस्तानका प्रमुख सहर, चोक तथा गल्लीमा ठूलठूला ब्यानर राखिएका छन् । सञ्चारमाध्यममा समेत श्रव्य दृश्य सामग्री प्रसारण गरिएको छ । नागरिकले सरकारलाई किन चन्दा दिने र सहयोग गर्ने भन्ने आशयका सामग्री प्रकाशन र प्रसारण गरिएको छ । पाकिस्तानमा एक प्रकारको राष्ट्रवादी भावना जागृत भएको छ ।

पाकिस्तानका आर्थिका मामलाका विश्लेषक हुसैनका अनुसार सरकारले जिम्मा लिएकाले चन्दा दिन पनि सजिलो भएको भन्दै नागरिकमा एक प्रकारको उत्साहको सञ्चार भएको र सरकार हाम्रै लागि काम गर्दैछ भन्ने विश्वास स्थापित भएको बताएका छन् । बाँध बनाउन धेरै पैसा आवश्यक पर्ने भएपछि तीव्र गतिमा आर्थिक संकलन अभियान थालिएको हो । यसले सबैले लगानी गरौं, देशले पछि दिनेछ' भन्ने भावना जागृत भएको छ। पाकिस्तानले चन्दा उठाएर ठूला परियोजना सञ्चालन गर्न सक्छ भने नेपालमा पनि सरकारले त्यस्तो अभियान किन चलाउन सक्दैन ? इमरान खान सरकारको यस्ता देश र जनहितका कार्यक्रमले संसारको ध्यान खिचिरहेको छ ।

हाम्रा प्रधानमन्त्री केपी ओली भने उखान टुक्का जोड्न मात्र माहिर देखिन्छन् । नाकाबन्दीका बेला घरघरमा ग्यास पाइप ल्याइदिने भने अहिले रेल र पानीजहाज दौडाउने भनिरहेका छन् । समृद्धि रेल र पानीजहाज चढेर आउँदैन । यसका लागि देशभित्र कृषि उत्पादकत्व बढ्नुपर्छ । आयातलाई निर्यातले प्रतिस्थापन गर्नुपर्छ । व्यापारघाटा कम गर्दै देशलाई आत्मनिर्भर बनाउने गुरुयोजना ल्याइनुपर्छ। ओलीमा पनि देश बनाउने भिजन भने देखिएन। राजसी ठाँटमा सडक र आकाश खाली गर्दै अनुत्पादक विदेश भ्रमण गरेर समृद्धि आउँदैन ।

## इन्डोप्यासिफिक...

प्रधानमन्त्री केपी ओली बेइजिङ भ्रमणमा जाँदा चीनसँग पारवहन सम्झौता भएको थियो । यसअघि नेपाल एसियाली पूर्वाधार लगानी बैंकको संस्थापक सदस्य बनेको थियो। बीआरआईमा नेपाल जोडिएपछि नेपाल चीनसँग नजिकिएको भारतीय ठम्याई सार्वजनिक भएको थियो ।

बीरआरआईमा नेपाल जोडिएपछि नेपाल र अमेरकाबीच इन्डोप्यासिफिक स्ट्रेटेजी अन्तर्गत ५० करोड अमेरिकी डलरको सम्झौता भएको थियो । सो सम्झौता अनुमोदनका लागि संसद सचिवालयमा सरकारले दर्ता गराएको छ । ६३ करोड अमेरिकी डलर बराबरका कम्प्याक्ट प्रोग्राम अन्तर्गतको कार्यक्रमलाई अमेरिकाको सहयोग नियोग युएसआईडीको द मिलेनियम च्यालेन्ज कोअपरेशनले डिजाइन गरेको थियो । तत्कालीन अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र मिलेनियम च्यालेन्ज कोअपरेशनका कार्यवाहक प्रमुख जोनथन नाशबीच अमेरिकामा सम्झौता भएको थियो । संविधान अनुसार संसदको दुईतिहाई बहुमतले सन्धि सम्झौता अनुमोदन गरिनुपर्छ । नेपाल सरकारले १ करोड ३० अमेरिकी डलर बराबरको योगदान दिने गरी भएको सम्झौता विद्युतीय परिवहन परियोजना सडक मर्मत सम्भार परियोजना ऊर्जा तथा यातायात पूर्वाधार विकास र विस्तार गर्ने क्षेत्रमा खर्च गरिनेछ ।

यो कार्यक्रमका लागि मिलेनियम च्यालेन्ज कर्पोरेशनको बोर्ड अफ डाक्टर्सले सन् २०१४ मा नेपाललाई छनोट गरेको थियो । सो कार्यक्रमलाई अमेरिकी सरकारले हिन्द प्रशान्त क्षेत्रीय रणनीति अन्तर्गतमा राखेको छ । बीआरआई सम्झौताप्रति सरकार गम्भीर नहुनु र अमेरिकी कार्यक्रमलाई अघि बढाइनुले नेपाल र चीनबीच तनाव बढ्दै गएको छ । चीन घेर्ने रणनीति अनुरुप अमेरिकाले इन्डोप्यासिफिक रणनीति अघि सारेको चीनको बुझाइ छ ।

## नेकपा...

लागेको बताइएको थियो । केही जिल्ला इन्चार्ज र विभागमा थप छलफल आवश्यक भएको नेताहरूले बताएका छन् । नेकपाका सचिवालय सदस्यहरूले नेतृत्व गर्ने ठूला विभागहरूमध्ये पार्टी स्कुल विभाग कसले लिने भन्ने टुंगो लाग्न बाँकी रहेको स्रोतले जनाएको छ । संगठन विभाग, विदेश विभाग, संसदीय विभाग र राज्य व्यवस्था विभाग पूर्वएमालेको भागमा परेका छन् ।

त्यस्तै, प्रचार विभाग र आर्थिक विभाग पूर्वमाओवादीको भागमा परेका छन् । ३२ वटा विभागमध्ये १८ विभागका प्रमुख पूर्वएमालेका नेता हुनेछन् भने १४ वटा विभागको नेतृत्व पूर्वमाओवादीले गर्नेछन् । पूर्वएमाले र पूर्वमाओवादीबीच विभाग बाँडफाँट भए पनि व्यक्ति आ-आफ्नो समूहबाट तोक्ने सहमति भएको बताइएको छ । पूर्वएमालेले नेतृत्व गर्ने विभागका प्रमुखको नाम ओलीले प्रस्ताव गर्ने र पूर्वमाओवादीबाट नेतृत्व गर्नेको नाम प्रचण्डले तोक्ने सहमति भएको छ ।

## भ्वाङ...

पत्तो हुँदैन । सार्वजनिक रुपमा नै पत्र आएको थाहा नभएको अभिव्यक्ति दिदा प्रधानमन्त्रीको शाख गिर्न पुगेको छ । एक पछि अर्को चुनौतिका झटाराहरु प्रधानमन्धीमाथी थोपरिन थालेका छन् । विवादित निर्णयहरुले ओली सरकारलाई अप्ठयारोमा परेको परिपेक्षमा एक अर्कामाथी दोष देखाएर पन्छिने किसिमको अभ्यास पनि भइरहेको देखिदैछ । यसले गर्दा प्रधानमन्त्रीको यसैगरी जनताको आशा र भरोसालाई बेवास्ता गर्ने कार्यलाई निरन्तरता दिइ रहे ओली सरकारको दुई तिहाइ बहुमत कागजमा मात्र सिमित हुन नसक्ला भन्न सकिन्न । आफु हिडने बाटामा आफै खाल्डो पार्ने कामबाट सरकार सजग हुनु जरुरी छ ।

भाषणको राष्ट्रवाद हैन जनताले कामको राष्ट्रवाद चाहेका छन। ओली सरकारको कामले त व्यवस्था परिवर्तन भन्दा पनि व्यवस्थामा सुधार गर्न पाएको भए हुने रहेछ भन्ने धारणा आम जनमानसको बन्दै गएको बुझिदैछ । त्यसकारण सरकारलाई कामले राष्ट्रवाद देखाउन अनुरोध आम जनताको तर्फबाट । भित्र अकै कुरा वाहिर अकै कुरा गर्ने प्रवृत्तिले सरकारको लोकप्रियतामा जनताले आस मार्न थालेका छन् । त्यसकारण ओली राष्ट्रवाद भ्वाङ पर्न थालेको छ ।

## उद्धार...

नै यस विपत्तिका कारणहरू हुन् । उपरोक्त कारणहरूको नियन्त्रण र व्यवस्थापन गर्ने जिम्मा सरकारको हो । तर 'दुई तिहाईको सरकार' अपेक्षित संवेदनशील बने को देखिएन । नेकपा (माले) अविलम्ब विपत्ति न्यूनिकरण गर्न सकृय बन्न तथा जन-धनको क्षतिमा समूचित क्षतिपूर्ति एवम् राहत उपलब्ध गराउन सरकारसँग जोडदार माँग गर्दछ ।

नेकपा (माले) ले पार्टीका सबै प्रदेश तथा जिल्ला कमिटीहरू, वर्गीय तथा जनसंगठनहरूलाई पहिरो र डुबानमा परेका जनताहरूको उद्दार एवम् राहतकार्यमा सकृयतापूर्वक तत्काल जुट्न आह्वान गर्दछ। यसैगरी विपदको यस घडीमा एकजुट भएर उद्दार एवम् राहतकार्यमा संलग्न हुनुभएका नागरिक समाज लगायत सबै मानवतावादी, स्वयम्सेवी तथा परोपकारी संघसंस्थाहरूलाई सह्राना गर्दै यस कार्यलाई जारी राख्न प्रोत्साहित गर्दछ ।'

## भारतका...

तराई भूभाग असुरक्षित बन्दै डुबानमा पर्न गएको हो । भारतले दर्जन बढी यस्ता बाँध अन्तर्राष्ट्रिय कानुन मिचेर बनाएको छ । जबसम्म त्यस्ता भारतीय बाँधहरु भत्काइन्नन् तराई डुबानको समस्याबाट मुक्त हुने छैन ।

८ सय किलोमिटर लम्बाई र १ सय ५० किलोमिटर चौडाइ भएको नेपाल सामान्य वर्षा सुरु हुनासाथ संकटग्रस्ट बन्न पुग्छ । भारतले दशगजा नै मिचेर १० फिट अग्ला २० फिट चौडाइ भएका सडकहरु सीमा क्षेत्रमै बनाएको छ । सडकको नाममा बाढी छेक्ने र बहाव नेपालतिरै फर्काउने काम भारतले गरिरहेको छ । यसको प्रत्यक्ष मारमा परेका छन् तराईका जनता । सीमा क्षेत्रमा कसिएका भारतीय बाँध र बाँधकै काम गर्ने सडकहरु भारतले निर्माण गर्दा नेपाल सरकार बेखबर बन्नुको परिणाम हो बाढीको वितण्डा । सामान्यतः सीमा क्षेत्रको पाँच किलोमिटरभित्र कुनै पनि प्रकारका भौतिक पूर्वाधारहरु निर्माण गर्न नपाइने अन्तर ाष्ट्रिय कानुन छ । त्यस्ता केही निर्माणका कामहरु गर्नैपर्ने भए दुवै देशले आपसमा छलफल गरेर विषयलाई टुंग्याउनुपर्ने हुन्छ। तर भारत नेपाललाई 'बाल' पनि नपुछी सीमा क्षेत्रमा पक्की सडक र बाँधहरु कसिरहेको छ । यो उसको हेपाहा प्रवृत्तिको पराकाष्ठा हो ।

भारतले नेपालका नदीहरुमाथि नियन्त्रण गर्ने अभियान सुरुदेखि नै चलाउँदै आएको छ। उसले सप्तकोशी,गण्डकी र महाकाली जस्ता ठूला नदीलाई आफ्नो नियन्त्रणमा लिइसकेको छ । पछिल्लो समयमा कर्णाली पनि भारतकै तजबिजमा सुम्पिएको छ । बाढीको सबैभन्दा कहालिलाग्दो दृश्य सधैं सप्तकोशी वरिपरि देखिने गरेको छ। जब वर्षायाम सुरु हुन्छ भारतले कोशी ब्यारेजका ५६ वटै ढोका बन्द गरिदिन्छ। हिउँदमा सबै ढोका खुला गरेर कोशीको पानी लान्छ र विहारमा सिंचाइ गर्छ । कोशी बाँध बन्नुअघि यसलाई विहारको दुःख भनिन्थ्यो । जब तत्कालीन प्रधानमन्त्री मातृका कोइरालाले कोशी नदीमाथिको अधिकार भारतलाई सुम्पिए कोशी नदी विहारको उपहार बन्यो भने नेपालको दुःखमा परिवर्तित भयो । कोशी नदी नेपालको हो तर त्यसको सम्पूर्ण पानीमाथि भारतको अधिकार स्थापित छ । पटनाबाट कोशीको नियन्त्रण हुँदै आएको छ। अहिलेको बाढीमा पनि पटनाले ब्यारेजका ढोकाहरु खोल्न मानेन। सरकारले कूटनीतिक पहल गरेर २६ वटा ढोका खुलाएको समाचार विद्युतीय एवं छापा समाचार माध्यमहरुले सार्वजनिक गरे । फेरि भारतलाई नै सघाउने गरी ढोकाहरु खुला गर्दा विहार डुबेको र भारतले आपत्ति जनाएको समाचार पनि सम्प्रेषण गरिए । कोशी नदीको ब्यारेज नेपालको भूमिमा बनाइएको छ, त्यसको अधिकार भारतको होइन, नेपालको हुनुपर्ने हो । नेपालले वर्षायाममा कतिवटा ढोका खोल्ने र बन्द गर्ने, हिउँदमा कतिवटा ढोका खोलेर भारतलाई पानी दिने अधिकार पाउनुपर्ने होइन ? हाम्रो भूभागमा बनेको ब्यारेजमाथि भारतको अधिकारले हामी नेपाली स्वतन्त्र छैनौं भन्ने पुष्टि गर्दैन र ?

आजभन्दा एघार वर्षअघि कोसीमा भिषण बाढी आएको थियो । उक्त बाढीले १० हजार हेक्टर जमिनलाई बगरमा परिणत गऱ्यो । हजारौं स्थानीयबासी विस्थापित भएर सुकुम्बासी बन्न पुगे । सप्तरी र सुनसरीको सीमामा रहेको कोशी ब्यारेजका ढोकाहरु भारतले खोलेन । तटबन्ध र यातायात आवागमनका लागि भन्दै भारतले बाढीपछि विराटनगरमा कार्यालय खोल्यो र तिरंगा फहरायो । दर्जनौं कर्मचारीहरु राखेर मिनि दुतावास सञ्चालन गऱ्यो। नेपाल सरकारले सो फिल्ड अफिस बन्द गर्न पत्राचार गरे पनि भारतले टेरेन। तराई टुक्र्याउन आप्रबासी भारतीयहरुलाई सडकमा उतार्न सो कार्यालयले सहयोग गऱ्यो । पछि नेपालतर्फबाट दबाब बढ्दै गएपछि सो फिल्ड अफिस भारतले हटायो । ओली सरकारका वर्ष दिने उपलब्धिमा फिल्ड अफिस हटाइएको सगौरव उल्लेख गरिएको छ । नेपालमा भारतको अघोषित दोस्रो दुतावास सञ्चालन हुँदा त्यसलाई बन्द गर्न नेपाल सरकारले आग्रह गर्नुपर्ने अवस्थाले नेपालीहरु पूर्ण स्वतन्त्र छैनन् र सावैभौम देशका रुपमा भारतले नेपाललाई नलिएको बुझ्न गाह्रो छैन । भारत अहिले त गम्भीर सुरक्षा चुनौती भन्दै कोशी ब्यारेजको सुरक्षा आफैंले गर्न पाउनुपर्ने भन्न थालेको छ । भारत कोशी ब्यारेजमा आफ्नो औद्योगिक सुरक्षा बल तैनाथ गर्न खोजिरहेको छ। भारतले कोशी प्रभावित क्षेत्रलाई दिनुपर्ने बिजुली, शिक्षा तथा स्वास्थ्य सेवा अझै उपलब्ध गराएको छैन । सप्तकोशी ब्यारेजको संरचना जर्जर भएको छ। पुल कमजोर भएको छ र नेपालतर्फको कोशी पश्चिमी तटबन्धमा जोखिम बन्दै गएको छ। सप्तरी, सुनसरी र उदयपुरका हजारौं पीडितले कोशी सम्झौता अनुसार अझै राहत पाएका छैनन्। भारत भने कोशी ब्यारेजमा आफ्नो सैन्य दस्ता खडा गर्न लागिपरिरहेको छ। भारतका कारण कोशी नदी पूर्वी तराईका लागि अभिषाप बनिरहेको छ ।

२०१५ सालको आमनिर्वाचनपछि नेपाली कांग्रेसको दुईतिहाई बहुमतको सरकार बन्यो । उक्त कांग्रेस सरकारले गण्डक नदी भारतलाई सुम्पियो । भारतले गण्डकको पानी र त्यसबाट उत्पादित विद्युत सबै एकलौटी उपभोग गरिरहेको छ । वर्षामा बाढी आउँदा मात्र पानी पाउँछ नेपालले । हिउँदमा नेपाललाई पानै नै छोड्दैन भारतले । वर्षामा ब्यारेजका ढोका बन्द गरिन्छन् र नेपाली भूभाग डुबानमा पर्छ । महाकाली (पञ्चेश्वर परियोजना) मा पनि नेपाल ठगिएको छ । महाकाली नदीको मुहानमा भारतकै रजगज छ। भारतले नेपालको पानीमाथि पूर्ण नियन्त्रण गरेको छ। जलस्रोतमा विश्वकै दोस्रो धनी देश नेपालले भारतबाट महँगो मूल्यमा विद्युत किनेर लोडसेडिङ हटाएको छ। नेपालका नदीहरुको व्यवस्थापन नेपालले नै गर्न पाउनुपर्ने हो । तर हाम्रा राजनीतिक दलका नेताहरुले जलस्रोतसम्बन्धी हरेक सम्झौतामा भारतको हात माथि पारिदिएका छन् । भारतले सीमा क्षेत्रमा अग्ला बाँध र बाटाहरु बनाएर पानीको प्रवाहलाई नै रोक्ने गरेका कारण वर्षायाममा तराई डुब्ने गरेको हो । भारतले तराई एकातिर डुबाउँदैछ भने अर्कोतिर दशगजा मिचेर सीमा अतिक्रमण गर्ने काममा पनि तीव्रता दिइरहेको छ । अंगीकृत नागरिकका सन्तानलाई वंशजको नागरिकता दिने विधेयकले तराईका धरतीपुत्रहरुको हालत प्यालेस्टिनीहरुको जस्तो हुनेमा शंका छैन ।